खण्ड ३

# माओवादीसँग युद्ध

# माओवादी सेना : उद्भव, विकास र विस्तार

पूर्ण बस्नेत

चिनिया कम्युनिष्ट नेता माओत्सेतुङले विकास गरेको 'तीन जादुगरी हतियार' अर्थात् पार्टी, सेना र संयुक्त मोर्चासम्बन्धी अवधारणालाई दस वर्षसम्म अनुकरण गरेर नेपालमा माओवादी शक्तिको उदय भयो । तर, छापामार युद्धको एक दशकसम्म माओवादीले सैन्य हतियारलाई नै दह्रोसँग समाए र त्यसको बलमा २४० वर्ष पुरानो राजतन्त्रलाई निर्णायक चुनौती मात्र दिएनन्, आफ्नो सैन्य संगठनलाई अन्तर्राष्ट्रिय रूपमै सबभन्दा ठूलो छापामार दस्ताको रूपमा विकास गर्न सफल भए ।[1]

माओवादीले १० वर्षमा अप्रत्याशित रूपमा विकास गरेको फौजी क्षमता र रणनीतिक दबाबले २४० वर्षअघि पृथ्वीनारायण शाहले बसाएको केन्द्रीकृत राजतन्त्रको जग उखेल्ने र त्यही कालमा गठन गरिएको नेपाली सेनालाई पुनःसंरचना गर्ने स्थितिमा पुऱ्याएकोमा असहमति जनाउनेहरू पनि छन् । तर,

---

[1] सुरक्षा विश्लेषक ध्रुबकुमारका अनुसार राष्ट्रसंघीय मिसन 'अनमिन' ले प्रमाणित गरेको १९,६०२ जनालाई मात्र गणना गर्दा पनि माओवादी सेना संसारको सबभन्दा ठूलो छापामार सैन्य संगठन हो । उनीसँग लिएको अन्तर्वार्ता, २०६६ साउन ९, काठमाडौं ।

लोकतान्त्रिक शक्तिहरूसँग द्वन्द्व सिर्जना भएपछि राजनीतिक रूपमा कमजोर हुँदै गएको राजतन्त्रको अन्तिम सहारा बनेको सेनालाई फौजी चुनौती दिएर गणतन्त्र सुनिश्चित गरेको बढी जस र आधिकारिकता माओवादीले लिन खोज्नु अस्वाभाविक होइन । यद्यपि, उनीहरूले राजतन्त्रलाई फौजी रूपमा नभएर रणनीतिक रूपमा मात्र हराएका हुन् र २०६२-०६३ सालको शान्तिपूर्ण जनविद्रोह तथा २०६५ सालको संविधानसभाबाट संघीय गणतन्त्रले वैधता पाएको हो ।

माओत्सेतुङको दीर्घकालीन छापामार युद्धसम्बन्धी फौजी रणनीति र गोरखाका पृथ्वीनारायण शाहले एकीकरणका क्रममा अपनाएको छापामार युद्धकौशललाई समायोजन गरेर पुष्पकमल दाहाल 'प्रचण्ड'ले कसरी मौलिक फौजी रणनीतिको विकास गरे भन्ने कुरा रोचक अध्ययनको विषय हो । अप्ठ्यारो र कमजोर अवस्थामा रहेका प्रहरी चौकीहरूमाथि आक्रमण गरी सुरु भएको छापामार युद्ध एक दशकमै राजतन्त्रको अन्तिम शक्ति सेनालाई सशक्त चुनौती दिने स्तरमा कसरी विकास भयो ? फौजी हमलाबाटै राज्यसत्ता कब्जा गर्ने दीर्घकालीन रणनीतिका साथ अगाडि बढेका माओवादी किन शान्ति सम्झौता हुँदै बहुदलीय प्रतिस्पर्धासहितको राजनीतिमा समाहित भए ? माओवादीले कसरी आफ्ना राजनीतिक कार्यकर्तालाई फौजीकरण गरेर सेनामाथि हमला गरे र तिनलाई फेरि राजनीतिमै फर्काउन सफल भए ? यिनै प्रश्नमा केन्द्रित रहेर यस लेखमा माओवादी सेनाको गठन, विस्तार र रूपान्तरणबारे चर्चा गरिएको छ ।

## छापामारको भ्रुण

पञ्चायती सरकारले घोषणा गरेको चुनाव बिथोल्ने र सशस्त्र युद्धका लागि सहरमा हतियार कब्जा गरी गाउँ पस्ने योजनाअन्तर्गत २०४३ वैशाख १५ गते तत्कालीन नेकपा (मशाल) ले राजधानीका त्रिपुरेश्वर, असन, लगनखेल, क्षेत्रपाटीलगायत नौओटा प्रहरी सेक्टरका चौकीमाथि आक्रमण गर्‍यो । 'सेक्टर काण्ड' का नामले चर्चित यो घटनापछि सरकारले मशालका कार्यकर्तालाई गिरफ्तार गरेर दमन गर्‍यो । लामो बहसपछि २०४६ सालमा आएर केन्द्रीय समितिले गलत योजनाको कारण यस घटनामा असफलता हात लागेको भन्दै आलोचना गरेपछि मशालका तत्कालीन महामन्त्री मोहन वैद्य 'किरण' ले राजीनामा दिए र उक्त पदमा प्रचण्ड चुनिए ।[२]

---

[२] २०४६ सालमा शक्तिशाली महामन्त्रीमा चुनिएदेखि दुई दशकपछि सम्म प्रचण्ड पार्टीमा निरन्तर मुख्य नेता रहेका छन् ।

त्यसअघि २०४४ सालमै प्रचण्ड र अर्का नेता सीपी गजुरेल 'गौरव' ले भारत, बिहारको जंगलमा माओइस्ट कम्युनिष्ट सेन्टर (एमसीसी) बाट १५ दिने सैन्य तालिम लिइसकेका थिए (महर्जन २०६३) । विद्यार्थी कालमै नेपाली सेनाबाट दिइने एनसीसी (नेसनल क्याडेट कोर्स) को अर्धसैन्य तालिमसमेत लिएका प्रचण्ड महामन्त्री बनेपछि सशस्त्र संघर्षको तयारीमा लागि परे । उनले छापामार युद्ध थाल्न सैन्य आयोग गठन गरे, सैन्य दस्तावेज तयार पारे र तालिम सञ्चालन गर्न केही हतियारसमेत जुटाए ।[३]

मशालका नेता देव गुरूङका मामा गणेशबहादुर गुरूङले मनाङमा खम्पा विद्रोहीबाट हात पारेका दुइटा थ्रीनटथ्री राइफल २०४४ सालमा प्रचण्ड र बादलले किनेर गोरखा ल्याए । लेखराज भट्टले उपलब्ध गराएको एउटा ब्राउनिङ पिस्तोल २०४२ सालदेखि नै पार्टीसँग थियो । उक्त पिस्तोल, १० लोला जिलेटिन र सैन्य दस्तावेज बोकेर बादलको साथमा २०४५ सालमा सैन्य तालिम सञ्चालन गर्न प्रचण्ड आफ्नो पार्टीको प्रभाव क्षेत्र उत्तरी गोरखातर्फ लागे । सिरानचोकमा उनले केही साँच्चिकै हतियारसहित काल्पनिक शत्रुहरूमाथि काल्पनिक हतियार प्रहार गर्दै पहिलो सैन्य तालिम सञ्चालन गरेको अर्का नेता पोष्टबहादुर बोगटीले स्मरण गरे :

> हाम्रो पहिलो सैन्य प्रशिक्षक कमरेड प्रचण्ड नै हो । भारतमा तालिम लिएर फर्केपछि प्रचण्डले केही हतियार जुटाउनु भयो र २०४५ सालमा गोरखाको सिरानचोकमा केन्द्रीय समितिका हामीले उहाँबाट तालिम लियौं । हाम्रो त्यो पहिलो फौजी टिमको कमिसार कमरेड किरण हुनुहुन्थ्यो भन्न सकिन्छ । दुइटा रित्ता राइफल र एउटा पिस्तोलबाट तालिम चलाइएको थियो । बादलजी र हामी गोली नभएको राइफल बोकेर पालैपालो सेन्ट्री बस्यौं । त्यति वेला गोली नभएका राइफल हुँदा पनि के-के न भएझैं लाग्थ्यो । हामीले राइफल खोल्ने, मिलाउने र 'एमिङ' गरेर 'कक' गर्ने अनि 'फायर' गर्ने तरिका सिक्यौं तर गोली पड्काउन चाहिं पाएनौं । प्रचण्डको नेतृत्वमा भएको यो तालिममा सैन्य प्रशिक्षकको रूपमा भूतपूर्व भारतीय सैनिक टीबी पाठकलाई

---

[३] मोहनविक्रम सिंहको नेतृत्वमा रहेको नेकपा (चौथो महाधिवेशन) ले २०३५-०३६ सालदेखि नै प्राविधिक कमिटीको नाममा सैन्य आयोग बनाएको थियो । त्यस वेला 'टेक कमिटी' को नामले समेत चिनिने एक सदस्यीय आयोगमा तत्कालीन महामन्त्री मोहनविक्रम सिंह थिए । उनको पहलमा २०३६ सालमा बागलुङको बाघेओडारमा दुई महिने सैन्य तालिम सञ्चालन गरिएको थियो । महोत्तरीका दीपबहादुर योञ्जन, सर्लाहीका चित्रबहादुर आले, सिरहाका केएल वाइवालगायत ६०–७० जना संलग्न उक्त तालिम भूतपूर्व भारतीय सेनाले दिएका थिए ।

> ल्याइएको थियो । काठ र ढुंगालाई दुस्मन कल्पना गरेर पाठकले काशन दिनुहुन्थ्यो र हामी हमला गर्थ्यौं । ड्रेस नभए पनि हामीले टाउकोमा स्याउला राखेर जंगलमा दौडिँदै जंगल युद्धकला सिक्यौं । बादल, अनन्त, बलदेव, विप्लव, रवीन्द्र श्रेष्ठ, दिनेश शर्मा, आलोक लगायत १३ जना थियौं ।[४]

मशालको प्रभावक्षेत्र गोरखा-लमजुङलाई केन्द्र बनाएर पञ्चायती व्यवस्थाविरुद्ध सशस्त्र युद्ध थाल्ने सोचअनुसार प्रचण्डले सैन्य योजना तयार पारी यो तालिम आयोजना गरेका थिए ।[५] छापामार युद्ध थाल्न पर्चा पनि छापिइसकेको थियो तर त्यस वेला उक्त पार्टीका स्थापित नेता गोरखाका बाचस्पति देवकोटा तत्काल सशस्त्र संघर्षमा जान हुँदैन भन्ने धारणा राखेर बलियो रूपमा विपक्षमा उभिएपछि पार्टीको संस्थापन पक्ष अप्ठेरोमा पर्‍यो ।[६] त्यसपछि सशस्त्र युद्ध सुरु गर्ने कुरा रोकियो ।

सशस्त्र युद्ध सुरु गर्नेबारे मशालभित्र विवाद भइरहेको वेला नेपाली काँग्रेस र संयुक्त वाममोर्चाले पञ्चायतविरुद्ध जनआन्दोलन अगाडि बढाए । यसरी बाहिरी राजनीतिक माहोल र पार्टीभित्रको विवादका कारण छापामार युद्धको तयारी रोकेर संयुक्त राष्ट्रिय जनआन्दोलन संयोजन समिति बनाई मशाल पनि २०४६ सालको आन्दोलनमा सामेल भयो ।[७] तर बहुदलीय व्यवस्थाको माग गर्ने काँग्रेस र वाममोर्चाभन्दा उनीहरूको माग भिन्न थियो । बाबुराम भट्टराई संयोजक रहेको जनआन्दोलन संयोजन समितिले 'जननिर्वाचित संविधानसभामार्फत गणतन्त्रात्मक

---

४ माओवादी नेता पोष्टबहादुर बोगटीसँग पत्रकार मनऋषि धितालले २०६३ सालमा गरेको कुराकानी, अप्रकाशित ।

५ पृथ्वीनारायण शाहले केन्द्रीकृत सामन्ती राजतन्त्रको जग बसाल्न गोरखालाई आधार बनाएर युद्ध गरेकाले माओवादीले सांकेतिक रूपमा राजतन्त्रविरुद्धको सशस्त्र युद्धको आधार त्यही क्षेत्रलाई बनाउन खोजेका थिए ।

६ माओवादी नेता बोगटीसँग मनऋषि धितालले २०६३ सालमा गरेको कुराकानी । सशस्त्र संघर्षको विपक्षमा रहेका बाचस्पति देवकोटा २०४६ को जनआन्दोलनपछि मशाल छाडेर तत्कालीन नेकपा (माले) मा प्रवेश गरे । हाल उनी एमालेको केन्द्रीय समितिमा छन् ।

७ मोहनविक्रम सिंहले नेतृत्व गरेको तत्कालीन नेकपा (मसाल) का नेता बाबुराम भट्टराई संयोजक रहेको संयुक्त राष्ट्रिय जनआन्दोलन संयोजन समितिमा नेकपा (मसाल), नेकपा (मशाल), सर्वहारावादी श्रमिक संगठन लगायत पाँचओटा कम्युनिष्ट समूह थिए । वाममोर्चाले बहुदलीय प्रजातन्त्रका लागि काँग्रेससँग मिलेर जाने नीति लिएपछि जनगणतन्त्रका पक्षधर यी समूहहरूले छुट्टै मोर्चा बनाएका हुन् ।

संविधान बनाउन' दबाब दिए पनि संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र मूल विशेषता रहेको संविधान २०४७ सालमा जारी भयो ।

२०४५ सालमा सैन्य तालिम गरी सशस्त्र युद्ध सुरु गर्न कस्सिएको तत्कालीन मशालसँग पूर्णकालीन कार्यकर्ताहरू थिएनन् र संगठन सञ्जाल पनि सानो थियो । त्यस वेला मशालका नेताहरू पनि अन्य कम्युनिष्ट समूहका नेताझैं धेरै समय संगठन विस्तारमा भन्दा विभिन्न देशका सैन्य रणनीति र सशस्त्र युद्धको अध्ययन तथा नेपालमा त्यसलाई कसरी लागु गर्न सकिन्छ भन्ने बहस गर्नमा खर्चिन्थे । बोगटी भन्छन्, "त्यति वेला पूर्णकालीन कोही पनि थिएन । हाम्रो पार्टीमा समर्थक, शुभचिन्तक र मास्टर मात्रै थिए । पूर्णकालीन कार्यकर्ता बनाउन निकै कठिन थियो । त्यही वेला हामीले भियतनाम र ल्याटिन अमेरिकी आन्दोलन पढ्यौं र क्रान्तिको अनुभव लियौं । रेगिस डेब्रेको *रिभोलुशन इन रिभोलुशन* पुस्तक पनि पढ्यौं । तर हाम्रो मुख्य प्रेरणाको स्रोत चिनिया क्रान्ति नै थियो ।"[८]

त्यसबीच मशालले छापामार युद्ध थाल्ने उद्देश्य राखेर त्यसको तयारीस्वरूप आफ्नो युवक संघलाई यङ् कम्युनिष्ट लीग (वाईसीएल) मा परिणत गरिसकेको थियो ।[९] शारीरिक तथा मनोवैज्ञानिक रूपले युवाहरूलाई छापामार युद्धका निम्ति तयार पार्न लडाकु दलको रूपमा गठन गरिएको वाईसीएल नै अहिलेको माओवादी जनमुक्ति सेनाको भ्रुण हो ।

## छापामार रणनीतिको नेपालीकरण

२०४७ सालको संविधानलाई 'राजा र संसदवादी पार्टीहरूबीचको सम्झौताको दस्तावेज' भन्दै मशालसहितका गणतन्त्रवादी कम्युनिष्ट समूहहरूले सशस्त्र युद्ध थाल्ने उद्देश्यले २०४८ सालमा नेकपा (एकताकेन्द्र) गठन गरे ।[१०] सोही वर्ष चितवनमा भएको एकता महाधिवेशनमा महामन्त्री प्रचण्डले प्रस्तुत गरेको 'गाउँबाट सहर घेर्ने रणनीतिमा

---

८ माओवादी नेता बोगटीसँग मनऋषि धितालले २०६३ सालमा गरेको कुराकानी ।

९ २०३८ सालमा युवाहरूलाई कम्युनिष्ट पार्टीमा आकर्षित गर्नका लागि गठन गरिएको अखिल नेपाल युवक संघको अध्यक्ष प्रचण्ड थिए । २०४४ सालमा वाईसीएलमा परिणत गरिएपछि यसले लडाकु र सुरक्षा दस्ताको रूपमा काम गऱ्यो । सशस्त्र युद्ध सुरु भएपछि यसलाई छापामार दस्तामा परिणत गरियो र शान्ति प्रक्रिया सुरु भएपछि त्यसलाई पुनः ब्यूँताइयो ।

१० नेकपा (मशाल), नेकपा (चौथो महाधिवेशन), सर्वहारावादी श्रमिक संगठन र नेकपा (मसाल) को बाबुराम भट्टराई समूहलाई मिलाएर एकताकेन्द्र बनाएको केही महिनापछि पहिले रूपचन्द्र विष्टको नेतृत्वमा रहेको मकवानपुरको जनमुखी समूह पनि त्यसमा समाहित भएको थियो ।

आधारित दीर्घकालीन जनयुद्धको कार्यदिशा' बहुमतले पारित भयो । महाधिवेशनपछिका तीन वर्षसम्म पार्टीभित्र यो विषयमा वादविवाद भएपछि २०५१ सालमा चितवनमै भएको राष्ट्रिय सम्मेलनले तत्काल सशस्त्र युद्धमा जानु हुँदैन भन्ने पक्षलाई 'संशोधनवादी' आरोप लगाएर पार्टीबाट निष्कासन गऱ्यो । २०५१ चैतमा बसेको केन्द्रीय समितिको तेस्रो विस्तारित बैठकले पार्टीको नाम नेकपा (माओवादी) राख्ने निर्णय गर्नुका साथै छापामार युद्धका लागि प्रचण्डले तयार गरेको राजनीतिक र सैन्य कार्यदिशालाई अनुमोदन गऱ्यो । उक्त बैठकले चिनिया शैलीको अनुसरण गरी रणनीतिक रक्षा, रणनीतिक सन्तुलन र रणनीतिक प्रत्याक्रमण अर्थात् छापामार युद्धका तीन चरणहरू निर्धारण गऱ्यो । साथै, केन्द्रदेखि जिल्लासम्म सैनिक आयोग तथा फौजी संरचनाको विकास गर्न लडाकु दल, सुरक्षा दल र स्वयंसेवक दलहरू गठन गर्ने निर्णयसमेत गऱ्यो (प्रचण्ड २०६३) ।

केन्द्रीय समिति बैठकमा छापामार युद्धको सैन्य रणनीतिको खाका प्रस्तुत गरेलगत्तै त्यसलाई नेपाली मौलिकतासहित अन्तिम रूप दिन प्रचण्डले प्रारम्भिककाल, मध्यकाल र एकीकरणकालीन नेपालको युद्धकौशल, त्यसपछिको केन्द्रीकृत राज्यव्यवस्था र २००७ सालपछिको सैन्य स्थिति, हातहतियार, तालिम आदिबारे अध्ययन गरे । २००७ सालयता सशस्त्र विद्रोहका केही प्रयास भए तापनि व्यवस्थित छापामार युद्धका लागि ती अनुभव पर्याप्त नभएको अवस्थामा २०५२ सालको सुरुमा पृथ्वीनारायण शाहको युद्धनीतिका सम्बन्धमा प्रचण्डको अध्ययनले माओवादीलाई छापामार युद्धको सैन्य रणनीति विकास गर्न ठूलो सहयोग पुऱ्यायो । गोरखालीहरूले छापामार युद्धद्वारा विभिन्न राज्यहरूलाई एकीकरण गरी केन्द्रीकृत राजतन्त्रको जग बसाएको र आफ्नो छापामार युद्धको मुख्य उद्देश्य त्यसलाई विस्थापन गर्नु रहेकाले गोरखालीहरूको युद्धनीतिको अध्ययन प्रचण्डका लागि निकै उपयोगी साबित भयो । यो अध्ययनका आधारमा पृथ्वीनारायण शाहले अपनाएका सैन्य कौशलहरूको सहारा लिएर प्रचण्डले चीनमा माओले अपनाएको दीर्घकालीन सशस्त्र युद्धको सैन्य रणनीतिलाई नेपाली परिवेशमा ढाले ।

आफूले गोरखालीहरूको युद्धनीतिमा आधारित भएर छापामार युद्धको फौजी रणनीति विकास गरेको प्रचण्डले स्वीकारेका छन् :

> आफू सानो र कमजोर भएको तथा जित्नुपर्ने राज्यहरू धेरै र बलियासमेत भएकाले गोरखालाई आधारइलाकाका रूपमा प्रयोग गरी उनीहरूले दीर्घकालीन प्रकृतिको लडाइँ लडे । झाराका सिपाहीबाट नियमित सेनाको विकास गर्नु, सामान्य घरेलु हतियारबाट सुरु गरेर आधुनिक हतियारसम्म जानु, सानातिना लडाइँबाट सुरु गरेर ठूला-ठूला लडाइँमा

> जानु, कमजोरलाई खत्तम पार्दै बलियोमाथि हमला गर्नु, एक-एक गर्दै राज्यविस्तार गर्नु तथा दशकौंसम्म अथक रूपले युद्ध चलाइरहनु यी सबै दीर्घकालीन युद्धकै तरिका भएको कुरामा शंका रहन्न । ...केन्द्रीकृत सामन्ती राज्यव्यवस्थाको विकास गर्न गोरखालीहरू सफल हुनुका पछाडि सैन्य दृष्टिले युद्धका उपर्युक्त प्रकारका रणनीति र कार्यनीतिहरूले निर्णायक भूमिका खेलेको कुरा स्पष्ट देख्न सकिन्छ । आज, जब हामी सामन्तवाद र साम्राज्यवादलाई ध्वस्त गरेर गुणात्मकरूपले नयाँ समाज निर्माणको आवश्यकता महसुस गर्दछौं भने भुरेटाकुरे राज्यहरूलाई ध्वस्त पारी केन्द्रीकृत सामन्ती राज्यव्यवस्थाको स्थापनाका क्रममा नेपाली समाजले भोगेका युद्धका अनुभवको महत्त्व कति धेरै रहन्छ भन्ने कुरा स्वतः स्पष्ट छ । यो सिंगो प्रक्रियामा नयाँ जनवादी क्रान्तिका निमित्त दीर्घकालीन जनयुद्धको आधुनिक सर्वहारा सैन्यसिद्धान्तका तमाम भ्रुणहरू नेपाली समाजमा ऐतिहासिकरूपले विद्यमान रहेको कुराको पुष्टि हुन्छ (प्रचण्ड २०६३) ।

गोरखालीहरूले नेपाल एकीकरणको क्रममा छापामार युद्धनीतिअन्तर्गत आश्चर्यमूलक हमला गर्ने, कमजोर दुस्मनलाई पहिला र बलियोलाई पछि मात्र हमला गर्ने, दुस्मनहरूबीचको अन्तर्विरोधबाट फाइदा उठाउने, दुस्मनविरुद्ध नाकाबन्दी गर्ने, छलछाम, षड्यन्त्र तथा धोकाका कूट तरिका तथा दीर्घकालीन युद्धको पद्धति अपनाएर युद्ध जितेको निष्कर्ष प्रचण्डले निकालेका छन् । माओवादीले छापामार युद्धको यो कौशलको अनुसरण गरेको स्वीकार गर्छन् माओवादी सेनाका पूर्वडेपुटी कमाण्डर तथा स्थायी समिति सदस्य वर्षमान पुन 'अनन्त' :

> गुर्गिन खाँ र किनलकको नेतृत्वमा अत्याधुनिक हतियारसहित आएको ब्रिटिस सेनालाई गोरखालीहरूले छापामार युद्धका लागि उपयोगी नेपालको भूगोललाई प्रयोग गरेर सामान्य प्रविधिबाट छक्याएर आश्चर्यजनक हमला गरी जितेका थिए । त्यसै गरी गोरखालाई आधार बनाएर पृथ्वीनारायण शाहले पूर्व र पश्चिममा युद्धको विस्तार गरे । उनले नियमित सेना सानो राखेर राज्य विस्तारका लागि ठूलो संख्यामा भ्मारा अथवा मिलिसिया परिचालन गरे । कार्यनीतिक इलाकाहरूलाई कब्जा गरेर रणनीतिक इलाका अर्थात् केन्द्रीय राज्यसत्तालाई घेराबन्दी गर्ने नीतिअन्तर्गत नुवाकोट, मकवानपुर कब्जा गरेर काठमाडौंलाई घेराबन्दी गरी अन्तिममा कब्जा गरे । लडाइँमा घुयेंत्रो, धनुषकाण, ढुंगामुढा, भाला, छुरी, खुकुरीजस्ता घरेलु हतियारहरू धेरै प्रयोग गरे । माओको छापामार युद्ध रणनीतिसँग मिल्ने पृथ्वीनारायण शाहका यस्ता फौजी कौशलहरू हामीले पूराका पूरै लियौं ।[११]

---

[११] अनन्तसँग अन्तर्वार्ता, २०६६ साउन १८, काठमाडौं ।

केन्द्रीकृत राज्य स्थापनापछि दक्षिणतिर अंग्रेज र उत्तरतिर तिब्बतको फौजसँगको लडाइँमा पनि नेपाली सेनाले गोरखालीहरूकै छापामार युद्ध रणनीति र कार्यनीतिको अनुसरण गरेको प्रचण्डको विश्लेषण छ । अंग्रेजसँगको युद्धमा नेपालीहरूले आफूलाई संसारकै वीर लडाकु जातिका रूपमा स्थापित गरेको र कार्ल मार्क्सले समेत नेपाली जनताको उक्त त्याग, बलिदान र शौर्यको प्रशंसा गरेको प्रचण्डले उल्लेख गरेका छन् (प्रचण्ड २०६३) । छापामार युद्धको आयोजना गर्ने तयारीका लागि इतिहासका सबै सशस्त्र संघर्षहरूको संश्लेषण गर्ने क्रममा प्रचण्डले 'वीर नेपाली' को भाव त्यसरी नै जगाउने प्रयास गरे, जसरी पृथ्वीनारायण शाहले 'वीर गोरखाली' को भाव जगाएर सबै जनतालाई कुनै न कुनै रूपमा युद्धमा होमेका थिए ।

माओले चीनमा अपनाएको दीर्घकालीन छापामार युद्धको प्रचण्डले रणनीतिलाई पृथ्वीनारायण शाहले अपनाएको छापामार युद्धनीतिसँग समायोजन गरेर 'मौलिक छापामार फौजी रणनीति' विकास गरे । यसलाई स्वीकार्दै उनी भन्छन्, "पृथ्वीनारायण शाहले गरेको सामन्ती केन्द्रीकरणको ठाउँमा नयाँ राष्ट्रिय एकता ल्याउन नेपालमा जनयुद्ध भएको हो । जनयुद्धमा जाने क्रममा मैले यसअघि भएका सबै विद्रोहको अध्ययन गरें र नेपाल एकीकरणसम्म पुगें । पृथ्वीनारायण शाह र माओको युद्धकलामा धेरै समानता थियो ।"[१२]

## लडाकु दल, तालिम र हतियार

२०५१ चैतदेखि २०५२ असारसम्मको तीन महिनाको अवधिमा माओवादीले केन्द्र र करिब एक दर्जन जिल्लामा सैनिक आयोग तथा लडाकु दल, सुरक्षा दल र स्वयंसेवक दलहरू निर्माण गरे । केन्द्रमा पोलिटब्यूरोलाई सैनिक आयोगको जिम्मा दिएर प्रचण्डलाई त्यसको इन्चार्ज तोकियो भने जिल्ला तहमा पार्टीको सचिवालयलाई उक्त जिम्मेवारी दिइयो । माओवादीको जिल्ला कमिटीमातहत लडाकु दल, एरिया कमिटीमातहत सुरक्षा दल र सेल कमिटीमातहत स्वयंसेवक दलहरूलाई राखियो । साथै 'बन्दुकले पार्टी होइन, पार्टीले बन्दुक चलाउने' माओको सिद्धान्तअनुसार राजनीतिक कमिसार र कमाण्डरको संयुक्त कमाण्डको व्यवस्था गरी लडाकु दलहरू पार्टीको प्रत्यक्ष नियन्त्रणमा रहने व्यवस्था पनि गरियो (जनमुक्ति सेना २०५८) । लडाकु दलहरूलाई छापामार दल हुँदै नियमित सेनाको रूपमा विकास गर्ने, सुरक्षा दललाई मिलिसियाको रूपमा विकास गर्ने र

---

[१२] प्रचण्डसँग अन्तर्वार्ता, २०६४ चैत, काठमाडौं ।

स्वयंसेवक दलहरूलाई सर्वसाधारणलाई फौजीकरण गर्न उपयोग गर्ने नीतिअन्तर्गत यस्तो संरचना बनाइएको थियो ।[१३]

माओवादीको यो सैन्य संरचना पृथ्वीनारायण शाहको फौजी संरचनाजस्तै थियो । गोरखाका राजा शाहले तीन तहको सैन्य संरचना बनाएर युद्ध गरेका थिए । राज्य विस्तारका लागि लड्न एउटा नियमित सेना थियो, दोस्रो आधार क्षेत्र गोरखाको सुरक्षामा खटिन्थ्यो र तेस्रो भ्कारा सेना थियो, जसले युद्धमा मिलिसियाको रूपमा नियमित सेनालाई साथ दिन्थ्यो ।

अनन्तका अनुसार पृथ्वीनारायण शाहको फौजी संरचना मात्र होइन, चीन, पेरू र भारतको छापामार सैन्य संरचना समेत अध्ययन गरेर सुरुमा तीन तहको संरचना बनाउने निष्कर्षमा माओवादी पुगेको थियो । उनी भन्छन्, "लडाइँका लागि लडाकु दल, जनतालाई सुरक्षा दिन गाउँमा सुरक्षा दल र आमजनतालाई स्वयंसेवक बनाउन स्वयंसेवक दल बनायौं । पछि फेरि देशभरि लडाइँमा जान सक्ने नियमित सेना, आफ्नो क्षेत्र (आधारइलाका) को सुरक्षामा खट्ने क्षेत्रीय सेना तथा गाउँ र जनताको सुरक्षाका लागि मिलिसिया गरी अर्को तीन तहमा विकास गर्‍यौं ।"[१४]

२०५२ असारमा बसेको माओवादी केन्द्रीय समिति बैठकले छापामार युद्ध तयारीको चरणबाट पहलकदमीको चरणमा प्रवेश गरेको निष्कर्षसहित युद्धको पहलका लागि अन्तिम तयारी, थालनी र निरन्तरतासम्बन्धी तीनओटा कार्ययोजना निर्धारण गर्‍यो । छापामार युद्धको अन्तिम तयारीका लागि माओवादीले सैन्य तालिम र राजनीतिक प्रशिक्षणलाई तलसम्म विस्तार गरे । २०५२ कात्तिक-मंसिरमा गोरखाको सिरानचोकमा छानिएका कार्यकर्ताका लागि सैन्य तालिम आयोजना गरे (चलाउने २०६६) । सैन्य कार्यदिशा र निर्देशिकासहित सञ्चालन गरिएको उक्त तालिममा केन्द्रीय सैनिक आयोगका इन्चार्ज प्रचण्डले सैन्य विज्ञान र प्राविधिक सामग्रीको सञ्चालन गर्न सिकाएका थिए । माओवादी पत्रकार मनऋषि धितालका अनुसार भारतीय लडाकु र पूर्वभारतीय सैनिकले पनि युद्धकौशलसम्बन्धी तालिम दिएका थिए :

> २०५२ सालमा गोरखाको सिरानचोकमा सञ्चालन गरिएको तालिममा प्रचण्डले माइन बमलगायतका हतियार बनाउन सिकाएका थिए । त्यो तालिममा भारतबाट आएका

---

[१३] माओवादी सेनाको चौथो डिभिजन कमाण्डर हुँदै वाईसीएल अध्यक्ष बनेका गणेशमान पुनसँग अन्तर्वार्ता, २०६५ चैत ४, काठमाडौं ।

[१४] अनन्तसँग अन्तर्वार्ता, २०६६ साउन १८, काठमाडौं ।

> पिपुल्स वार ग्रुपका दुईजनाले हतियार खोल्न र मर्मत गर्न सिकाए भने प्रशिक्षकको रूपमा ल्याइएका पूर्व भारतीय सेना टीबी पाठकले ब्याटल ड्रिल गर्न सिकाए । त्यो पहिलो केन्द्रीय तालिममा प्रचण्ड, किरण, बाबुराम, बादल, पासाङ, बलदेव, अनिल, परवाना, सिजल, महानलगायत सहभागी भएका थिए ।[१५]

सैन्य तालिमपछि माओवादीले आफ्ना लडाकुलाई सशस्त्र युद्धको पूर्वअभ्यास गराउन थाले । त्यस्तो अभ्यास गर्नेमध्ये एक थिए, रूकुमका रामसुर बुढामगर । रूकुमस्थित रादिजुला प्रहरी चौकीमाथि गरिएको पहिलो कारबाहीमा संलग्न भएर लामो समय माओवादी सेनाको मंगलसेन प्रथम ब्रिगेडमा रहेका बुढा शान्ति प्रक्रिया सुरु भएपछि वाईसीएलको सचिवालय सदस्य भएर काम गर्न थाले । उनी भन्छन्, "सशस्त्र युद्धको पूर्वअभ्यास गर्ने क्रममा राति लुकेर फटाहाहरूलाई पिट्ने, तिनीहरूको बाली नष्ट गरिदिने, तमसुक च्यात्ने, राँको बाल्ने, जाँडका घैंटा फुटाउने गर्थ्यौं । त्यसरी स्थानीय जाली-फटाहाविरूद्ध संघर्ष गर्ने क्रममा खुकुरी, भाला, लाठी लिएर लड्यौं ।"

माओवादी पत्रकार धितालका अनुसार लड्न जानुभन्दा पहिला फौजी मानसिकताको विकास गराउनका लागि लडाकुहरूलाई त्यस्तो अभ्यासमा सहभागी गराइएको थियो । उनी भन्छन्, "एउटै जिल्लामा पूर्वको टोलीलाई पश्चिम र पश्चिमको टोलीलाई पूर्व हिंडाउने अनि बीच बाटोमा भेटेर खुकुरी साटासाट गराउने र कतिपय ठाउँमा रक्की मात्र गराएर फौजी मनोविज्ञानको विकास गर्दै लगियो ।"

गोरखामा भएको केन्द्रीय स्तरको सैन्य तालिममा असंलग्न गणेशमान पुनका अनुसार उक्त तालिमलाई पछि जिल्ला तहमा विस्तार गरियो :

> जनयुद्ध सुरु गर्नुअघि २०५२ को कात्तिक-मंसिरमा गोरखा जिल्लामा लडाकुहरूका लागि हतियारसहितको केन्द्रीय तालिम सञ्चालन गरिएको थियो । तर सञ्चारको समस्याले गर्दा रूकुमको लडाकु दल उक्त तालिममा संलग्न हुनबाट छुट्यो । केन्द्रीय तालिम सकिएलगत्तै पुस-माघदेखि जिल्ला तहमा यसलाई विस्तार गरियो । रूकुममा रादिजुला प्रहरी चौकी हमला गर्न जाने दललाई सबभन्दा पहिला तालिम दिइयो र पछि त्यसलाई जिल्लाका तीनओटा क्षेत्र र एरिया तहसम्म विस्तार गरियो । सुरु-सुरुमा लाठी, भरूवा बन्दुकबाट तालिम दिइएको थियो । रोल्पामा पनि यसरी नै तालिम सञ्चालन गरिएको थियो ।[१६]

---

[१५] पत्रकार धितालसँग कुराकानी, २०६५ फागुन २९, काठमाडौं ।

[१६] वाईसीएल अध्यक्ष पुनसँग अन्तर्वार्ता, २०६५ चैत ४, काठमाडौं ।

२०४५ सालको तालिममा प्रयोग गरेर गोरखाका नेता खोपबहादुर कँडेलको घरमा राखिएका दुइटा थ्रीनटथ्री राइफल र ब्राउनिङ पिस्तोल तथा पछि धनुषाका नेता मातृका यादवले उपलब्ध गराएको अर्को एउटा पिस्तोल र केही भरूवा बन्दुकको भरमा २०५२ सालको केन्द्रिय सैन्य तालिम माओवादी लडाकुहरूले सम्पन्न गरेका थिए । गोरखाको तालिम सकिएपछि रोल्पा जिविसका तत्कालीन सभापति झक्कु सुवेदीले आफूले प्रयोग गर्ने सरकारी गाडीमा राखेर ती दुई राइफल रोल्पा पुऱ्याएबाट के पुष्टि हुन्छ भने छापामार युद्ध सुरु गर्न माओवादीसँग हतियार थिएन र उनीहरू एक-एक गरेर त्यसको जोहो गर्न चाहन्थे ।[१७] माओवादीले सुरूका हमलाहरूमा सर्वसाधारणबाट लिएका भरूवा बन्दुक, खुकुरी र भालाका अतिरिक्त ती राइफल र केही नमुना बम प्रयोग गरे । रुकुमको रादिजुला प्रहरी चौकी हमलामा जानुअघि शारीरिक र प्राविधिक गरी दुइटा तालिम लिएका रामसुर बुढा भन्छन्, "एउटा थ्रीनटथ्री राइफलबाट पासाङले दुइटा तालिम दिए, पछि त्यो राइफल रोल्पाको होलेरी चौकी हमलाका लागि लगे, यता हाम्रो रुकुमको टिमसँग चाहिं एउटा पनि राइफल थिएन ।"

सशस्त्र युद्ध थाल्न माओवादीले सैन्य तयारीसँगै आर्थिक र भौतिक तयारी पनि गरे । उनीहरूले विभिन्न स्रोतबाट केन्द्र र क्षेत्रमा निश्चित रकम जम्मा गरेका थिए । २०५२ असारमा सिन्धुलीको चुरे जंगलमा 'मनी एक्सन' गरी एक प्रधानाध्यापकबाट करिब डेढ लाख रुपियाँ र दोलखाको सातदोबाटोमा सडक विभागले ब्लाष्ट गर्न राखेको ४२ हजार थान डिटोनेटर माओवादी लडाकुहरूले लुटे । माओवादीलाई विद्रोह सुरु गर्न र अगाडि बढाउन यसले ठूलो मद्दत गऱ्यो (सापकोटा २०६६) ।

## प्रहरीसँग लड्दै सेना निर्माण

२०५२ फागुन १ गते छापामार युद्धको पहिलो कारबाहीका लागि माओवादीले आफ्नो प्रभावक्षेत्रका रोल्पा, रुकुम, गोरखा, काभ्रे र सिन्धुली जिल्लालाई रोजे ।

---

[१७] २०५२ मा गोरखाको तालिममा प्रयोग गरेपछि त्यहाँबाट चन्द्रहरि सुवेदीको टोलीले ती राइफल आँबुखैरेनी ल्यायो । त्यसपछि रोल्पा जिविसका तत्कालीन सभापति झक्कु सुवेदीले आफ्नो गाडीमा राखेर चितवन, दाङ हुँदै त्यसलाई रोल्पा पुऱ्याए । एउटा राइफल पहिले नै बिग्रेको अवस्थामा थियो, अर्को राइफल त्यहाँ परीक्षण गरियो । अनन्तले केराको थामलाई ताकेर हान्दा गोली पड्क्यो तर खोका भित्रै अड्कियो । अनि गजले उक्त खोका निकालियो । त्यसपछि यसलाई 'गजे राइफल' भन्न थालियो । सुरुमा पश्चिम क्षेत्र र पछि पूर्वमा पनि तालिमका लागि यही राइफल प्रयोग गरियो । त्यसपछि यसको नाम 'डब्ल्यूटी' अर्थात् होलटाइमर राइफल हुन गयो । बिग्रेर काम नलाग्ने हालतको यो राइफल माओवादी सेनाले अहिले पनि सुरक्षित राखेको छ ।

रोल्पा, रूकुम र सिन्धुलीमा प्रहरी चौकीमाथि आक्रमण गरे भने काभ्रेमा एकजना 'सामन्त' र गोरखामा साना किसान विकास बैंकमाथि आक्रमण केन्द्रित गरे । रूकुममा पहिलो हमलाका लागि माओवादीले डोल्पा, जाजरकोट, सल्यान र रूकुम जिल्लाबाट छानिएका लडाकुलाई राखेर तीन महिलासहित ३८ जनाको लडाकु दल बनाएका थिए, जसको सैन्य कमाण्डर गणेशमान पुन र राजनीतिक कमिसार माओवादीका तत्कालीन रूकुम जिल्ला सेक्रेटरी हेमन्तप्रकाश वली थिए ।[१८] हमलामा जानु पहिले लडाकु दललाई पाँचओटा समूह बनाएर जिम्मेवारी तोकिएको थियो, जसअनुसार कमाण्डरको काशनलगत्तै अट्याकिङ ग्रुपले चौकीको ढोका फोरेर भित्र पस्यो, त्यसपछि सर्च, डिफेन्स, स्टप र रिजर्भ ग्रुपले आ-आफ्ना कारबाही अगाडि बढाए । हतियारविहीन सात प्रहरीले आत्मसमर्पण गरेपछि दस मिनेटभित्रै चौकी कब्जा भएको स्मरण गर्दै कमाण्डर पुन भन्छन्, "हाम्रो लक्ष्य राजतन्त्रात्मक व्यवस्थाको अन्त्य गरेर जनगणतन्त्र स्थापना गर्ने हो, तपाईंहरूसँग कुनै दुस्मनी छैन भनेपछि प्रहरीहरूले तुरुन्तै आत्मसमर्पण गरे ।"

नौजना प्रहरीको दरबन्दी रहेको उक्त चौकीका इन्चार्ज त्यहाँ भएको हतियार लिएर सदरमुकाम गएकाले प्रहरीहरू विनाहतियार लड्न सक्ने अवस्था थिएन । यता माओवादी लडाकु चाहिं तयारीसाथ गएका थिए । कमाण्डर पुन भन्छन्, "मैले एउटा सार्प भरूवा बन्दुक बोकेको थिएँ, अरू तीन/चारओटा भरूवा बन्दुक र खिया लागेका पेस्तोल थिए । ढोका फोरेर भित्र पस्न बन्चरो, घन, झामल र खुकुरी लगेका थियौं ।"

महिला र पुरुष छापामारहरूको काल्पनिक चित्रसहित 'नयाँ जनवादी सत्ता स्थापना गर्न सशस्त्र युद्धको बाटोमा अघि बढौं' भन्ने नारा लेखिएका पोस्टरहरू भित्तामा टाँसेर छापामार युद्ध सुरु गरेको पहिलो दिन माओवादी लडाकुले दक्षिण रोल्पास्थित होलेरी प्रहरी चौकी र पूर्वको सिन्धुलीस्थित सिन्धुलीगढी प्रहरी चौकीमा हमला गरे । होलेरी आक्रमणको कमाण्डर अनन्त र सहायक कमाण्डर नन्दकिशोर पुन 'पासाङ' तथा कमिसार रामबहादुर थापा 'बादल' थिए । रोल्पाका छानिएका ३५/३६ जना लडाकुहरूले एउटा थ्रीनटथ्री राइफल, १५/२० ओटा भरूवा बन्दुक र सुत्ली बमको सहारामा सात/आठ जना प्रहरी रहेको चौकीमाथि आक्रमण गरेका थिए ।

---

[१८] गणेशमान पुनका अनुसार उनले नेतृत्व गरेको रूकुमको लडाकु दलका भाइस कमाण्डर यज्ञेश्वर शर्मा मारिइसकेका छन् । अन्य लडाकुहरूमा पुनकी श्रीमती कमला रोका, नारायणी शर्मा, लालकुमारी रोका, रामसुर बुढालगायत थिए ।

त्यस्तै पूर्वी जिल्लामा सामान्य सैन्य तालिम लिएका लडाकुलाई केन्द्रीकृत गरी सिन्धुलीका केन्द्रीय सदस्य हरिबोल गजुरेलको नेतृत्वमा सिन्धुलीगढी प्रहरी चौकीमाथि हमला गरियो । ३३ जना लडाकुहरू संलग्न यो हमलामा २०५१ सालदेखि नै सुरक्षा दल कमाण्डर बनेका शेरमान कुँवरसहित चित्रनारायण श्रेष्ठ, मणि थापा, महेन्द्र श्रेष्ठ, गंगा श्रेष्ठलगायत सिन्धुलीका तत्कालीन नेताहरू सहभागी थिए । केही भरूवा बन्दुक, खुकुरी, सुत्ली बम, घँगारु, लाठीजस्ता घरेलु हतियारको बलमा लडाकुहरू आक्रमणमा गएका थिए । वि.सं. १८२४ मा कप्तान किनलकको नेतृत्वमा आएको अंग्रेजको फौजलाई पृथ्वीनारायण शाहका फौजले छापामार तरिकाबाट पराजित गरेको सिन्धुलीगढीबाट सशस्त्र युद्ध थाल्नुको ऐतिहासिक महत्त्व रहेको ठान्छन् माओवादीहरू । गढी प्रहरीचौकी आक्रमणमा संलग्न भएका माओवादी सेनाको पहिलो डिभिजनका भाइस कमाण्डर हरिबहादुर श्रेष्ठ 'प्रमोद' भन्छन्, "हाम्रा पुर्खाले अंग्रेज साम्राज्यवादविरूद्ध फौजी पहलकदमी लिएको ठाउँबाट हामीले सामन्तवादको विरूद्ध जनयुद्धको पहलकदमी लिन सफल हुनु ऐतिहासिक महत्त्वको कुरा हो ।"

'कमजोर दुस्मनलाई पहिला हमला गर्ने' छापामार युद्धनीतिअनुसार माओवादीले अप्ठ्यारो अवस्थामा रहेका प्रहरीलाई पहिलो निशाना बनाए । पहिलो दिनका लागि रोजिएका ठाउँ र हमलाको शैलीमा नै छापामार युद्धको नेपाली मौलिकता झल्किने दाबी गर्छन् पूर्वडेपुटी कमाण्डर अनन्त :

> हामीले मुख्य गरी माओको दीर्घकालीन जनयुद्धसम्बन्धी फौजी रणनीति नै समातेको हो । त्यसका साथसाथै नेपालको विशेषतामा केही मौलिक कुराहरूको विकास पनि गऱ्यौं । माओले छापामार युद्ध र आधारइलाका निर्माण गर्ने क्रममा विशेष गरी चिङकाङसाङलाई आधारइलाका बनाए । एउटा आधारइलाका बनाएर उनले चारैतिर विस्तार गरे, जसलाई तालमा ढुंगा फ्याँक्दा किनारसम्म फैलिने छालको तरंगको रूपमा विश्लेषण गरियो । तर हामीले नेपालको वस्तुस्थितिअनुसार पश्चिममा रोल्पा-रूकुम, बीचमा गोर्खा र पूर्वमा काभ्रे-सिन्धुली बेल्टलाई केन्द्रित गरी तीनओटा छापामार आधारइलाका बनाउने गरी तिनै ठाउँबाट जनयुद्धको सुरूआत गऱ्यौं । छापामार युद्धमा विकास गरिएको यो एउटा नेपाली विशेषता हो भने दोस्रो, माओले वैधानिक संघर्ष वा जनआन्दोलन नगरेर सुरूदेखि नै सशस्त्र युद्ध गरे तर हामीले २०५८ सालमा संकटकाल नलाग्दासम्म पनि वैधानिक संघर्षहरू जारी राख्यौं- बुद्धिजीवी, किसान, विद्यार्थी र अन्य विभिन्न मोर्चाहरू बनाएर सहरमा संघर्ष गऱ्यौं । यसरी हामीले माओको दिर्घकालीन जनयुद्धलाई मुख्य आधार बनाउँदै लेनिनका वैधानिक जनसंघर्षका स्वरूपहरूलाई सुरूदेखि नै प्रयोग गऱ्यौं ।[१९]

---

[१९] अनन्तसँग अन्तर्वार्ता, २०६६ साउन १८, काठमाडौं ।

पहिलो हमलापछि माओवादीले आक्रमणलाई देशव्यापी रूपमा तीव्र गतिमा विस्तार गरे र त्यही अनुपातमा लडाकु दस्ताको विकास गर्दै गए । राजनीतिक चेतनाको विकास र राम्रो तयारीले गर्दा शून्यबाट सुरु भएको विद्रोहले चाँडै गुणात्मक फड्को मारेको गणेशमान पुनको दाबी छ :

> चीनमा सरकारी सेना र युद्ध सरदारका सेनाहरूलाई लिएर जनमुक्ति सेना बनाइएको थियो । तर हामीले शून्यबाट सुरु गर्नु पर्‍यो । राजनीतिक संगठनमा काम गरेका अनुशासित कार्यकर्तालाई लिएर सेना बनाउन सुरु गर्‍यौं, जसका कारण सुरु-सुरुमा फौजी ज्ञान एकदमै न्यून थियो । राजनीतिक चेतना, विदेशको अनुभव र वर्गसंघर्षको भट्टीबाट फौजी ज्ञान हासिल गर्दै 'टिम' हरू निर्माण गर्दै अगाडि बढ्यौं । तर लामो राजनीतिक तयारी र वर्गसंघर्षको अभ्यास भएकाले अन्य देशमा भन्दा हामीकहाँ गुणात्मक रूपमा सैनिक संगठनको विस्तार भयो । सशस्त्र युद्ध सुरु भएको दुई सातामा राजनीतिक घोषणा गरेर सयौं कारबाही हुनु चानचुने कुरा होइन । कतिपय देशमा एउटा पोष्टर टाँसेर युद्ध सुरु गरिएका उदाहरण छन् ।[२०]

माओवादीको २०५३ असारमा बसेको केन्द्रीय समितिको बैठकले 'योजनाबद्ध ढंगले छापामार युद्धको विकास गरौं' भन्ने नारासहित दोस्रो फौजी योजना अगाडि सार्‍यो । त्यही योजना अवधिमा उनीहरूले लडाकु दलहरूलाई छापामार 'स्क्वाड' मा रूपान्तरण गरे र केन्द्रीय सैनिक आयोगको पहलमा भारतीय सहरबाट केही हतियार भित्र्याउनसमेत सफल भए । भारतबाट पिपुल्स वार ग्रुपका लडाकुलाई ल्याएर केन्द्रीय स्तरको सैन्य तालिम पनि सञ्चालन गरियो । २०५३ पुस १९ गते पूर्वाञ्चलको लडाकु शक्तिले रामेछापको बेथान प्रहरी चौकीमाथि आक्रमण गरी चार प्रहरीको ज्यान लिनुको साथै तीनथान थ्रीनटथ्री राइफल र एकथान रिभल्वर कब्जा गर्‍यो । माओवादीले छापामार युद्ध थालेपछि हतियार कब्जा गरेको यो पहिलो घटना थियो जसमा उनीहरूले आफ्नो कमाण्डर तीर्थ गौतमलाई गुमाएका थिए । एक महिनापछि २०५३ माघमा रूकुमको कोल गाविसमा प्रहरीलाई विद्युतीय धरापमा पारेर अर्को एकथान थ्रीनटथ्री राइफल र ५० थान गोली खोस्न लडाकुहरू सफल भए । तर चौकीमाथि हमला गरेर वा धरापमा पारेर प्रहरीबाट ठूलो संख्यामा राइफल कब्जा गर्ने उनीहरूको दोस्रो योजनाको मुख्य लक्ष्य भने पूरा हुन सकेन ।

[२०] पुनसँग अन्तर्वार्ता, २०६५ चैत ४, काठमाडौं ।

'छापामार युद्धलाई विकासको अर्को नयाँ उचाइमा उठाऔं' भन्ने नारासहित विद्रोह सुरु गरेको १८ महिनापछि २०५४ असारमा माओवादीले तेस्रो फौजी योजना लागु गरे । प्रचण्डले 'फौजी दृष्टिले छापामार युद्धलाई चलायमान युद्धतिर लैजाने संक्रमणकालीन योजना' का रूपमा यसलाई प्रस्तुत गरेका थिए । तेस्रो योजनाको मुख्य उद्देश्य प्रहरीबाट हतियार कब्जा गर्ने दोस्रो योजनाको लक्ष्यलाई निरन्तरता दिँदै पहाडी क्षेत्रमा सैन्य अभियान सञ्चालन गर्नु थियो । सरकारले माओवादीविरूद्ध 'किलोसेरा टु' अपरेशन सुरु गरेपछि त्यसको प्रतिरोध गर्न २०५५ साउनमा भारतको हरियाणामा बसेको केन्द्रीय समितिको चौथो विस्तारित बैठकले फौजी क्षमताको विकासमा विशेष जोड दिँदै आधारइलाका निर्माणको पहिलो योजना र फौजी कारबाहीको चौथो योजना लागु गऱ्यो ।[२१]

सरकारी दमनको प्रतिरोध गर्नसक्ने क्षमता हासिल गर्न माओवादीले २०५४ र २०५५ सालमा पश्चिम क्षेत्रमा दुइटा सैन्य तालिम शिविर सञ्चालन गरे । एक-एक महिनासम्म सञ्चालन गरिएका दुवै तालिमका लागि भारतमा छापामार युद्ध गरिरहेको माओइस्ट कम्युनिस्ट सेन्टर (एमसीसी) बाट प्रशिक्षकहरू ल्याइएका थिए । पासाङको नेतृत्वमा भएका दुवै तालिममा हतियार, विस्फोटक, ब्याटल र फिल्ड क्राफ्टसम्बन्धी कोर्स सञ्चालन गरिएका थिए । २०५५ जेठमा चितवन-धादिङको सीमा क्षेत्रमा त्यस वेलाको मुख्य फौजी प्लाटुन र स्क्वाडका कमाण्डरहरूलाई सहभागी गराएर पासाङले अर्को एउटा केन्द्रीय स्तरको तालिम सञ्चालन गरे । त्यसपछि पश्चिमका जिल्लामा पनि यसलाई विस्तार गरियो ।

२०५५ सालमा माओवादीले आफ्नो सैन्य संरचनालाई तीन तहमा विकास गरे, जसमध्ये मुख्य शक्तिको रूपमा रहने प्लाटुन केन्द्रको निर्देशन र क्षेत्रीय ब्यूरोको नेतृत्वमा परिचालन हुन्थ्यो भने जिल्लाको नेतृत्वमा रहने स्क्वाडलाई सहायक शक्ति तथा आधारभूत शक्तिको रूपमा मिलिसियालाई परिभाषित गरे । उनीहरूले सेनाको खास अंगको रूपमा प्लाटुन तहको मुख्य र स्क्वाड तहको सहायक शक्तिलाई तालिम र हतियार दिए । सुरुमा पार्टीमा प्रवेश गर्नेलाई मिलिसियामा राखिन्थ्यो र पूर्णकालीन वा अल्पकालीन दुवै हुन सक्ने उनीहरूलाई

[२१] चीनको अनुकरण गरेर आधारइलाका निर्माण गर्ने माओवादीको योजना पूर्ण रूपमा सफल भएन । तर जंगलले ढाकेको चट्टाने पहाड, गरिब जनजाति बाहुल्य तथा भारतसँग सहज पहुँच भएको मध्यपश्चिमको राप्ती क्षेत्रलाई छापामार इलाका बनाउन उनीहरू सफल भए । गरिबी र बेरोजगारीले ग्रस्त त्यस क्षेत्रका युवाहरूको असन्तुष्टीलाई राजनीतिक रङ दिएर आफ्नो सेनामा भर्ना गर्न पनि उनीहरू सफल भए ।

पार्टीको एरिया वा सेल कमिटी र जनवर्गीय संगठनहरूले समेत परिचालन गर्न सक्थे ।

चौथो फौजी योजना लागु गर्ने क्रममा प्रहरीमाथि दर्जनौं हमला भए । त्यसमध्ये पूर्वमा काभ्रेको फलाटे (२०५५ कात्तिक १०) र ललितपुरको भट्टेडाँडा (२०५५ पुस १९) चौकीमाथि छापामार कारबाही भएका थिए । पश्चिमाञ्चल क्षेत्रका लडाकुहरूको संयुक्त टोलीले २०५५ माघ १० गते सल्यानको भिम्पेस्थित टेलिफोन टावरको सुरक्षार्थ खटिएको प्रहरी टोलीमाथि आक्रमण गरी आठओटा राइफल कब्जा गरेको घटनालाई माओवादीहरू केन्द्रीकृत रूपमा गरिएको पहिलो सफल फौजी कारबाही मान्छन् । चौथो योजनाको अन्तिम चरणमा उनीहरूले पश्चिमाञ्चल क्षेत्रको मुख्य इलाका (रोल्पा-रुकुम) मा छानिएका लडाकुको एउटा कार्यदल बनाई विशेष फौजी अभियान सञ्चालन गरे । सरकारले माओवादी विद्रोहलाई नियन्त्रण गर्न सञ्चालन गरेको 'किलोसेरा टु' अपरेशनको जवाफी कार्यक्रमको रूपमा माओवादीले यो फौजी अभियान सञ्चालन गरेका थिए ।

माओवादीले २०५६ भदौबाट रणनीतिक रक्षाको पहिलो चरणको पाँचौं योजना लागु गरे । सरकारले लागु गरेको 'सर्च एण्ड डिस्ट्रोय' कारबाहीको प्रतिरोध गर्दै पाँचौं योजनाकालमा 'मोर्चाबद्ध युद्धको सफल' अभ्यास गरेको माओवादीले दाबी गरे । २०५६ असारमा पश्चिमाञ्चलको कम्पनी स्तरको विशेष कार्यदलले रातभरि आक्रमण गरेर जाजरकोटको पाँचकटिया प्रहरी बेसक्याम्प कब्जा गऱ्यो । २०५६ असोजमा रुकुमको महतमा रहेको प्रहरी आधार शिविरमा आक्रमण गरी हतियारसहित डीएसपी ठूले राईलाई कब्जामा लिनुलाई माओवादी यस अवधिको महत्त्वपूर्ण घटना ठान्छन् ।

पाँचौं फौजी योजनासम्म आइपुग्दा पूर्वी क्षेत्रका माओवादीले 'क' र 'ख' गरी दुइटा प्लाटुन निर्माण गरे । दुवै प्लाटुनका ३५ लडाकुलाई मिलाएर बनाइएको स्पेसल टास्क फोर्स (एसटीएफ) र काभ्रेका कार्यकर्तासहित करिब ६० जनाको समूहले तीनओटा थ्रीनटथ्री राइफल, तीनओटा टुवेल्भ बोर र केही भरुवा बन्दुकको सहारामा २०५६ भदौ ९ गते काभ्रेको भिङखोरी प्रहरी चौकीमाथि आक्रमण गऱ्यो । यो हमलामा संलग्न हरिबहादुर श्रेष्ठका अनुसार थ्रीनटथ्री राइफलका गोली सीमित भएको र भरुवा बन्दुक पटकपटक भर्नुपर्ने भएकाले चौकीमा रहेका १२ जना प्रहरीसँग लड्न कठिन भए पनि उनीहरूले चारथान थ्रीनटथ्री कब्जा गर्न सकेका थिए । यही एसटीएफले २०५६ असोज २६ गते सोलुखुम्बुको जुनवेशी प्रहरी चौकी कब्जा गऱ्यो । सिन्धुली जिल्लालाई माओवादीले 'पूर्वको रोल्पा' का रूपमा लिएका थिए । पूर्वमा हुने हरेक हमलापछि उनीहरू

काभ्रे-सिन्धुलीको महाभारत लेक हुँदै मरिन खोलाको खोंचमा पुग्थे र त्यहाँ सुरक्षित बसेर हमलाको समीक्षा, हतियारको सुरक्षा, तालिम र नयाँ योजना बनाउँथे (श्रेष्ठ २०६६) ।

माओवादीले आफ्नो सेनाको फौजी क्षमताको विकास गर्न २०५६ जेठमा देशभरिबाट छानिएका कमाण्डरहरूका लागि रोल्पाको दारबोटमा अर्को सैन्य तालिम सञ्चालन गरे । यसको छ महिनापछि कात्तिकमा पूर्वाञ्चलस्थित दोलखाको पाथीभरामा क्षेत्रीय स्तरको तालिम सञ्चालन गरे । नयाँ भर्ना भएका लडाकुहरूका लागि क्षेत्र र जिल्ला तहमा यस्ता तालिम निरन्तर सञ्चालन गरे ।

२०५६ सालमा भएको केन्द्रीय समिति बैठकमा प्रचण्डले 'फौजी दृष्टिले मुख्यतः पश्चिमाञ्चलमा छापामार युद्ध क्रमशः चलायमान युद्धमा परिणत हुन थालेको तथा कतिपय अवस्थामा दुस्मनको कडा किल्लाबन्दीका विरूद्ध मोर्चाबद्ध युद्धको अनुभवसमेत हासिल गरेको' मूल्यांकन गरे । उनले माओवादीले अब जिल्ला सदरमुकाम हान्छन् भन्ने हिसाब गरेर राजाको निर्देशनमा छ जिल्लामा सेना परिचालन भइसकेको विश्लेषण गर्दै सम्भावित गृहयुद्धका लागि तयारी गर्न जोड दिए । यस बैठकले केन्द्रीय सैन्य हेडक्वार्टर स्थापना गर्ने र कम्पनीलाई नियमित तुल्याएर क्षेत्रीय कमाण्डअन्तर्गत बटालियन स्तरको संरचना खडा गर्ने निर्णय गर्‍यो । यही बैठकको निर्णयअनुसार पार्टीको दोस्रो राष्ट्रिय सम्मेलन हुनुअघि २०५७ वैशाखदेखि माघसम्म सञ्चालन गरिएको छैठौं फौजी योजनाअन्तर्गत २०५७ असोज ८ गते डोल्पा जिल्ला सदरमुकाम दुनैमाथि हमला गरे । विद्रोह सुरु गरेको साढे चार वर्षपछि पहिलोपटक सेनालाई 'ब्लक' गरेर जिल्ला सदरमुकाममाथि हमला गर्न सफल भएकाले दुनै आक्रमणपछि माओवादी छापामार युद्धले अन्तर्राष्ट्रिय चर्चा पायो ।

## *दुनै हमला र पहिलो वार्ता*

पहिलोपटक जिल्ला सदरमुकाममाथि आक्रमण गर्दा माओवादीसँग कम्पनी तहको फौज थियो । प्रचण्डको निर्देशनमा पश्चिमाञ्चल कमाण्डले तयार गरेको योजनाअनुसार भएको दुनै आक्रमण साढे चार वर्षका छओटा योजनाहरूको सर्वोच्च फौजी हमला थियो । दुनैमा आक्रमण गर्न माओवादीले पश्चिमाञ्चल क्षेत्रको सैन्य शक्तिलाई रूकुमको मैकोटमा केन्द्रित गरी परिचालन गरेका थिए । वर्षा याममा ४४ सय मिटरको उचाइ काटेर भदौमा आक्रमण गर्न गएका लडाकुहरू सूचना खुलेको थाहा पाएपछि नजिकै पुगेर फर्किएको र असोजमा पुनः आक्रमण गर्न गएको घटनाले उनीहरूले सूचना संयन्त्रको क्षेत्रमा पनि

विकास गरेको संकेत गर्छ । दुनै आक्रमणका कमाण्डर पासाङले नियमित दरबन्दीअन्तर्गतका १५० प्रहरीलाई साथ दिन सरकारले आक्रमणकै दिन चारओटा हेलिकोप्टरबाट ६० जना कमाण्डो फोर्स दुनैमा उतारे पनि दुइटा कम्पनीसहित ४१६ जना फौज र सामान्य हतियारको भरमा सदरमुकाम कब्जा गरिएको उल्लेख गरेका छन् (पुन २०६४) ।

दुनै आक्रमणबाट माओवादीहरूले राष्ट्रिय राजनीतिमा राजा र संसदीय पार्टीहरूबीच अन्तरविरोध सिर्जना गर्न तथा अन्तर्राष्ट्रिय रूपमा आफ्नो शक्ति प्रदर्शन गर्न सफलता हासिल गरे । साथै त्यही स्तरका पाँचओटा आक्रमण गर्न पुग्ने बराबरको नगद (करिब पाँच करोड रूपियाँ) र ४७ थान हतियार कब्जा गरे । लडाकुहरूले चलाखीपूर्वक भेरी नदीको पुल भत्काएर आधा घण्टाको दूरीमा रहेको भैरवप्रसाद गुल्मका सेनालाई रोकेका थिए । सदरमुकाम कब्जा हुँदासमेत सेनाले नसघाएको विषय ठूलो राजनीतिक मुद्दा बन्यो र गिरिजाप्रसाद कोइरालाको सरकार तथा राजाको कमाण्डमा रहेको सेनाबीच विवाद सिर्जना भयो । सेनाले सरकारलाई साथ नदिएको टिप्पणी गरेपछि गोविन्दराज जोशी गृहमन्त्रीबाट राजीनामा दिन बाध्य भए । माओवादीले दुनैको सफलतालाई पार्टी कार्यकर्ता र लडाकुहरूको मनोबल बढाउन प्रयोग गरे ।

दुनै आक्रमणको पाँच महिनापछि माओवादीले २०५७ फागुनमा भारतको पञ्जाबमा पार्टीको दोस्रो राष्ट्रिय सम्मेलन गरे, जसले महामन्त्री प्रचण्डलाई पार्टीको शक्तिशाली अध्यक्ष बनायो । छापामार युद्ध थालेको पाँच वर्षपछि आएर युद्धका रूसी र चिनिया रणनीतिलाई समायोजन गरी नेपालमा लागु गर्न प्रचण्डको प्रस्तावलाई सम्मेलनले अनुमोदन गर्‍यो । दीर्घकालीन छापामार युद्धको चिनिया मोडललाई सशस्त्र सहरी विद्रोहको रूसी मोडलसँग समायोजन गरी 'प्रचण्डपथ' नामकरण गरियो र त्यसलाई 'चिनिया मोडलमा टेकेर रसियन मोडलमा शिखर चुम्ने' 'फ्यूजनको रणनीति' का रूपमा विश्लेषण गरियो । यसको अर्थ हो, छापामार युद्धलाई विस्तार गर्दै लाने र सहरी विद्रोहद्वारा सत्ता कब्जा गर्ने । सम्मेलनले संशोधित रणनीतिअनुरूप राजनीतिक कार्यक्रमको रूपमा सर्वपक्षीय सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको प्रस्ताव अगाडि सारेर एकैपटक वार्ताका लागि सरकारलाई राजनीतिक दबाब दिने र अन्तर्राष्ट्रिय मञ्चमा परम्परावादी कम्युनिष्ट प्रणालीमा सुधार चाहेको सन्देश दिने काम गर्‍यो ।

दोस्रो सम्मेलन हुँदासम्म पनि वार्ताको वातावरण नबनेपछि माओवादीले एउटा संक्रमणकालीन फौजी योजना लागु गरे । रणनीतिक रक्षाको प्रथम चरणअन्तर्गतको सातौं योजना २०५७ फागुनदेखि २०५८ असारसम्म सञ्चालन

भयो । यो अवधिमा लडाकुले रुकुमको रुकुमकोट (२०५७ चैत १९), दैलेखको नौमुले (२०५८ चैत २४), रोल्पाको होलेरी (२०५८ असार २८) र मध्य तराईमा पहिलो पटक सर्लाहीको पत्थरकोट (२०५८ जेठ १२) जस्ता आक्रामक कारबाही गरे । यी सबै हमला प्रहरी चौकीमाथि भएका थिए । २०५८ जेठ १९ गतेको दरबार हत्याकाण्डपछि सिर्जना भएको भद्रगोल अवस्थाबीच लडाकुहरूले प्रहरी चौकीमाथिको आक्रमण झन् तेज पारे । साढे पाँच वर्षको अन्तरालमा हासिल गरेको शक्ति र अनुभवसहित २०५८ असार २८ गते दोस्रोपटक उनीहरू रोल्पास्थित होलेरी प्रहरी चौकीमाथि आक्रमण गर्न गए । पश्चिमको मुख्य फोर्सलाई केन्द्रित गरी बनाइएको अस्थायी बटालियन तहको फौजले ६९ प्रहरी र हतियारसहित चौकी कब्जा गरेपछि माओवादीले 'दरबार हत्याकाण्डपछि दुस्मन बदलिएको' भन्दै त्यहींबाट प्रहरीसँगको लडाइँ अन्त्य भएको घोषणा गरे ।

होलेरीबाट फर्किने क्रममा नुवागाउँमा आएर बसेका लडाकुमाथि आक्रमण गर्न सरकारले भोलिपल्ट चारओटा हेलिकोप्टरमा सेना परिचालन गऱ्यो । तर दुवैतर्फका सेनाले असार ३१ गते पत्र आदानप्रदान र वार्ता गरेर आ-आफ्नो बाटो लाग्ने सहमति गरेपछि दुई दिन लामो घेराबन्दीको अन्त्य भयो । 'सेनासँग लड्ने नीति छैन' भनेर दुनैपछि दोस्रोपटक माओवादी लडाकुहरू सेनासँग भिडन्त नगरी उम्किए । त्यो घटनाले दुनैबाट सुरु भएको सरकार र शाही सेनाबीचको द्वन्द्वलाई उत्कर्षमा पुऱ्यायो । दोस्रोपटक सेनामाथि सरकारको निर्देशन नमानेको आरोप लागेपछि नयाँ राजा ज्ञानेन्द्रसँग चुलिएको विवादका क्रममा गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्रीबाट राजीनामा दिए ।

होलेरी चौकीमा आक्रमण गरेर थालेको विद्रोहले साढे पाँच वर्षमा त्यहीं पुगेर एउटा चक्र पूरा गर्दा माओवादीले बटालियन तहको फौजी क्षमता विकास गरिसकेका थिए । प्रहरीबाट खोसेका हतियार बोकेका र भारतीय छापामारबाट तालिम पाएका लडाकुहरू नेपाली सेनासँग भिडेर आफ्नो अनुभव र क्षमता परीक्षण गर्न चाहन्थे । तर सेनासँग लडाइँको अन्तिम तयारी गर्न उनीहरूका लागि केही समय आवश्यक थियो । राजनीतिमा आफ्नो 'बार्गेनिङ' क्षमतालाई तौलिने र सेनामाथि आक्रमणका लागि अन्तिम तयारी गर्ने भित्री उद्देश्य राखेर माओवादीले प्रधानमन्त्रीमा नियुक्त भएको भोलिपल्ट २०५८ साउन ८ गते शेरबहादुर देउवाले आह्वान गरेको वार्तालाई स्वागत गरे र साउन ३० गते कृष्णबहादुर महरा संयोजक रहेको तीन सदस्यीय वार्ता टोली घोषणा गरे ।

२०५८ साउनदेखि चार महिना लामो अवधिलाई दुवै पक्षले वार्ताको नाममा भीषण युद्धको तयारीमा खर्चिए । वार्ता अवधिभर माओवादीले छापामार भर्ती र

सैन्य तालिमलाई अभियानको रूपमा सञ्चालन गरे । रूकुमको पहिलो आक्रमणदेखि निरन्तर फौजमा रहेर काम गरेका रामसुर बुढा भन्छन्, "संसारभरि नै शान्तिको काल युद्धको तयारीमा बितेको पाइन्छ । हामीले पनि त्यही गऱ्यौं । शारीरिक, प्राविधिक तयारी र रक्की पनि गऱ्यौं ।[२२] सैन्य संगठन विस्तारका लागि व्यापक मात्रामा भर्ना गऱ्यौं ।"

वार्ताकालमै माओवादीले 'सशस्त्र युद्ध रणनीतिक रक्षाको चरणबाट रणनीतिक सन्तुलनको दोस्रो चरणमा प्रवेश गरेको' निष्कर्षसहित आठौं फौजी योजना तय गऱ्यो, जसको मुख्य लक्ष्य आफ्नो सैन्य शक्ति विकास गर्दै सेनाका ब्यारेकमाथि आक्रमणको तयारी गर्ने थियो । वार्ताको शान्तिपूर्ण वातावरणको उपयोग गर्दै माओवादीले २०५८ भदौ १६ देखि १८ गतेसम्म रोल्पाको कुरेली गाउँमा देशभरिका छापामारहरूको पहिलो राष्ट्रिय सम्मेलन आयोजना गरे । प्रचण्डले उद्घाटन गरेको सम्मेलनले सैन्य संगठनलाई 'जनमुक्ति सेना नेपाल' नामकरण गर्नुका साथै प्रचण्डलाई सर्वोच्च कमाण्डर घोषणा गऱ्यो । सम्मेलनले सेनाको संरचनागत तह वृद्धि गरी पहिलोपटक बटालियन घोषणा गर्नुका साथै मुख्य फौजी शक्तिको रूपमा नियमित सेना र सहायक शक्तिको रूपमा मिलिसिया गरी दुई तहको संरचना बनायो । उनीहरूले सुरूदेखिकै फौजी आक्रमणको समीक्षासहित सम्भावित सेना परिचालनको सामना गर्न नयाँ फौजी रणनीति पनि तय गरे । यही अवधिमा माओवादीले दुइटा केन्द्रीय स्तरका सैन्य तालिम सञ्चालन गरी आफ्ना लडाकुलाई सम्भावित सैनिक कारबाहीको प्रतिरोधका लागि तयार गरे । ती पहिलो तालिम २०५८ साउनमा लडाकुहरूको राष्ट्रिय सम्मेलनको ठिकअघि रोल्पाको फुण्टिबाङमा र दोस्रो तालिम सम्मेलनलगत्तै असोजमा धादिङको लापामा सञ्चालन गरिएको थियो । दुवै तालिममा सेनासँग लड्ने युद्धकला सिकाइएको थियो ।

## शाही सेनासँग वास्तविक लडाइँ

### *घोराहीदेखि खारासम्म*

माओवादीहरूले पहिलो वार्ताकालमा आफ्ना तीनओटा कमाण्डअन्तर्गत पश्चिममा दाङ, मध्यमा स्याङ्जा र पूर्वमा सोलुखुम्बु जिल्ला सदरमुकाम तथा सैन्य ब्यारेकमाथि एकैपटक आक्रमण गर्ने योजना बनाए । हमलाको नेतृत्व गर्ने

[२२] माओवादी फौजी कमाण्डरहरूको बुझाइमा 'रक्की' अथवा सर्भे गर्ने काम राम्रोसँग पूरा भएपछि लडाइँको आधा काम सकिन्छ ।

वार्ताकालको सहज अवस्थालाई उपयोग गरी पश्चिमबाट तालिमप्राप्त एक-एक प्लाटुन फौज पूर्व र मध्य क्षेत्रमा पठाइयो । सबै तयारी पूरा भएपछि २०५८ मंसिर ८ गते राति दाङ र स्याङ्जामा भीषण हमला गरी माओवादीले युद्धविराम भंग गरे । पश्चिमको बटालियन तहको फौजले दाङको सदरमुकाम घोराहीमा पहिलो आक्रमण गर्‍यो । भगवतीप्रसाद गुल्मको एउटा कम्पनीअन्तर्गतका २५० र सोही दिन गोरखा दल गुल्मबाट थपिएको एक प्लाटुनसहित करिब ३२५ जना सरकारी फौजमाथि आक्रमण गर्न सैन्य कमाण्डर राजेश र राजनीतिक कमिसार पासाङको नेतृत्वमा एउटा बटालियन, दुइटा अस्थायी कम्पनी र केही जिल्ला प्लाटुनसमेत गरी करिब ११ सय लडाकुले घोराहीलाई घेराबन्दी गरेका थिए । पासाङका अनुसार राज्यको मुख्य फौजी शक्ति सेनासँग 'सचेत रूपमा लडाइँ सुरु गर्ने' र फौजी रूपमा 'रणनीतिक शक्ति सन्तुलनमा प्रवेश गरेको घोषणा गर्ने' उद्देश्यअनुरूप यो हमला भएको थियो । आक्रमणमा एक मेजरसहित एक दर्जन सैनिक मारिए भने पाँचओटा ८१ एमएम मोर्टार, तीनओटा २ इन्च मोर्टार, तीनओटा रकेट लञ्चरसहित ठूलो परिमाणमा हतियार कब्जा भएकाले जनमुक्ति सेनाको तत्कालको आवश्यकता पूरा भएको पासाङले दाबी गरेका छन् ।

घोराहीमा शाही सेनामाथि भएको पहिलो आक्रमणलाई दस वर्ष लामो छापामार युद्धकै सबभन्दा ठूलो सफलताको रूपमा लिन्छन् माओवादीका पूर्वडेपुटी कमाण्डर अनन्त । घोराहीमा कब्जा गरेका हतियार र गोलीगट्ठाको आधारमा शाही सेनासँग लामो लडाइँ गरेको अनुभव सुनाउँदै उनले भने :

> शाही सेनासँगको लडाइँमा सबभन्दा ठूलो सफलता पाएको घोराहीमै हो । त्यहाँ लडाइँको एउटा निरन्तरतालाई ब्रेक गर्नु थियो तर सेनासँग कसरी लड्ने भन्ने कुरा हामी कमाण्डरहरूलाई पनि थाहा थिएन । राप्तीमा अप्रेसन गर्न सरकारले घोराहीमा क गुल्म राखेर तयारी गरेको थियो र त्यसलाई गण बनाउने तयारीमा थियो । हाम्रो मुख्य आधार इलाका रोल्पा-रूकुममा दमन गर्ने तयारी गरिएकाले त्यसलाई नै आक्रमण गरौं भनेर हामीले तयारीसाथ हमला गर्‍यौं । सबै हिसाबले त्यहाँ सफलता मिल्यो । त्यो सेनामाथिको पहिलो विजय थियो । हातहतियार र प्रविधि यति धेरै आयो कि लगभग सेनासँगका सबै आक्रमणका लागि त्यसले आधारको काम गर्‍यो । बीसौं ट्रक गोलीगट्ठा, बारूद, हतियार प्राप्त भयो । त्यहाँ हामी मनोवैज्ञानिक रूपले सेनामाथि हाबी भएको पनि देखियो । ब्याटल ट्याक्टिसको हिसाबले पनि हामी हाबी भयौं ।

पश्चिमबाट आएको एक प्लाटुन तालिमप्राप्त लडाकुको साथमा मध्यक्षेत्रको एउटा कम्पनी मंसिर ८ गते राति नै स्याङ्जा जिल्ला सदरमुकाम कब्जा गर्न सफल भयो । स्याङ्जामा सेनाको ब्यारेक नभएको फाइदा उठाएर मध्यक्षेत्रमा कमजोर अवस्थामा रहेका लडाकुहरू प्रहरीसँग भएको हतियार खोस्न सफल भए । पहिलो वार्ताकालमा राप्तीबाट बस चढेर पूर्वाञ्चल गएको करिब ४० जना रहेको प्लाटुन तहको फौजले पूर्वका छापामारहरूलाई साथमा लिएर घोराही र स्याङ्जा आक्रमण गरेको दुई दिनपछि अर्थात् मंसिर १० गते राति सोलुखुम्बु जिल्ला सदरमुकाम सल्लेरीमा आक्रमण गऱ्यो । सल्लेरीमा कब्जा भएको करिब १०० थान हतियार र तीन करोड नगद माओवादीका लागि पूर्वमा सैन्य संगठन विस्तार गर्ने ठूलो आधार बन्यो । तर सेनामाथि पूर्वमा भएको पहिलो हमलामा पराजित भएको असर लामो समयसम्म पऱ्यो । सल्लेरी हमलामा संलग्न पूर्वका चारओटा कम्पनीमध्ये एउटाको कमाण्डर रहेका हरिबहादुर श्रेष्ठले यसको चर्चा गर्दै भनेका छन् :

> सर्लाहीबाट चार नम्बर कम्पनीलाई लिएर म सिन्धुली, रामेछाप हुँदै दोलखा पुग्दा अन्य तीनओटा कम्पनी जम्मा भइसकेका थिए । दोलखालाई आधार बनाएर हामीले सल्लेरीको रक्की गऱ्यौं र फोर्स विन्यास गऱ्यौं । डिएसपी कार्यालय, कारागार र बैंक मेरो कम्पनीको जिम्मामा पऱ्यो । केन्द्रीय योजनाअनुसार २०५८ मंसिर ८ गते हमलाका लागि अगाडि बढ्दै गर्दा एकजना साथीको ग्रिनेड भुइँमा खस्यो र विस्फोट भयो । दुस्मनले सुइँको पाएको हुन सक्ने अनुमान गरेर हामी योजना स्थगित गरी बीच बाटोबाटै फर्कियौं । दाङ र स्याङ्जा कब्जा भएको खबर सुनेपछि हाम्रो आत्मविश्वास बढ्यो र १० गते राति हमला गर्न गयौं । बिहान ५ बजेसम्मको लडाइँमा हाम्रा एक दर्जन साथीहरू मारिएका र करिब तीन दर्जन घाइते भइसकेका थिए । त्यत्ति गर्दा पनि शाही सेनाको ब्यारेक कब्जा नभएपछि हामी लडाइँ रोकेर 'रिट्रिट' भयौं ।[२३]

सल्लेरी आक्रमणको भोलिपल्ट मंसिर १२ गते शेरबहादुर देउवा सरकारले देशभरि संकटकालको घोषणा गरी माओवादीविरूद्ध पहिलोपटक सेना परिचालन गऱ्यो । तर छापामार युद्धको सातौं वार्षिक उत्सव मनाउने क्रममा माओवादीले पश्चिममा त्यस वेलासम्मको सबभन्दा ठूलो आक्रमण गरेर संकटकालले उनीहरूलाई नियन्त्रण गर्न नसक्ने जनाउ दिए । २०५८ फागुन ४ गते राति दुइटा बटालियनका करिब ९०० फौजले अछामको सदरमुकाम मंगलसेनस्थित प्रमुख

---

[२३] श्रेष्ठसँग पत्रकार मनऋषि धिताले २०६३ सालमा गरेको कुराकानी ।

जिल्ला अधिकारी र प्रहरी कार्यालय, सैनिक ब्यारेक तथा साँफेबगरस्थित विमानस्थलको सुरक्षार्थ खटिएको सशस्त्र प्रहरीमाथि एकैपटक आक्रमण गऱ्यो । घोराही आक्रमणमा कब्जा गरिएका आधुनिक हतियारको बलमा गरिएको यो आक्रमणमा प्रजिअसहित सेना र प्रहरी गरेर सरकारतर्फ करिब १५० जना तथा माओवादीतर्फ करिब ५० जना मारिए । हताहतीको यो संख्या सरकार र माओवादी दुवैतर्फ त्यस वेलासम्मको सबभन्दा ठूलो थियो ।

पाँच महिनापछि प्यूठानको सदरमुकाम आक्रमण गर्ने योजना बनाउन रोल्पाको तेबाङ गाविसस्थित लिस्ने चुचुरोमा भेला भइरहेका माओवादी फौजलाई सेनाले रोक्न खोजेपछि २०५९ वैशाख १९ गते दिउँसो भिडन्त भयो । त्यसपछि खलंगामाथिको आक्रमण रद्द गरी फर्केका लडाकुले वैशाख २४ गते रोल्पाको गामस्थित संयुक्त सुरक्षा फौजको बेस क्याम्पमाथि भीषण आक्रमण गरे, जसमा मेजरसहित ७० सुरक्षाकर्मी र ३५ माओवादी मारिए । गाम हमलाका कमिसार अनन्तले भने :

> हामी सेनासँग ठूलो लडाइँ लड्ने अभियानमा थियौं । मंसिरमा घोराहीमा हमला गऱ्यौं, त्यहाँ माओवादीले 'सरप्राइज अट्याक' गरेर जिते भन्ने हल्ला चलाइयो । घोराही जितेको उत्साहमा रोल्पाको रातमाटा र सल्यानको कपुरकोटको रिपिटर टावर सुरक्षार्थ बसेको सैनिक टुकडीमाथि हमला गऱ्यौं । तर त्यहाँ नराम्रोसँग हाऱ्यौं । त्यसले हामीलाई गम्भीर बनायो अनि फागुनमा अछाम पुगेर पूरै कब्जा गऱ्यौं । त्यसपछि हामी आफैंलाई पनि हामीले सरप्राइज दिएको होइन, साँच्चिकै लड्न सक्छौं भन्ने विश्वास बढ्यो । अरूलाई पनि माओवादीले लडेरै जित्न सक्छन् भन्ने भयो । चैतमा दाङको सतबरिया सशस्त्र प्रहरी बेस क्याम्पमा हानेर पूरै पराजित गरी एक कम्पनी उठाइयो । त्यसअघि सशस्त्र प्रहरीलाई कहीं पनि पूरै जितिएको थिएन । करिब छ महिनाको छोटो समयमा एक दर्जन जति ठूला लडाइँहरू जित्यौं । शाही सेनालाई पराजित गर्ने अप्रेसन अथवा क्रान्ति थियो त्यो । त्यसपछि हामी प्यूठान जिल्लाको सदरमुकाम खलंगा कब्जा गर्ने योजनाअनुसार २,२०० फोर्स लिएर आइरहेका थियौं, लिस्नेमा सेनासँग लडाइँ भयो र हामी अलि विभाजित भयौं । अनि विना तयारी गाम हान्ने निर्णय गऱ्यौं र सात सय फोर्सलाई यताउता छाडेर १,५०० एकदमै 'सेलेक्टेड कोर फोर्स' लिएर गयौं । टाढैबाट बाइनाकुलरले हेरेर गाम बेस क्याम्पको सामान्य सर्वे गरी एरिया बाँडफाँट गरियो । चार-चार सयजति फोर्स चारैतिर बाँडेर, ठूलो पहाडलाई सम्साँझैदेखि घेरा हाल्यौं र विस्तारै घेरा कस्दै लगेर रातिपख हमला गऱ्यौं । त्यो पूरै सफल भयो ।[२४]

[२४] अनन्तसँग अन्तर्वार्ता, २०६६ साउन १८, काठमाडौं ।

रुकुमको खारा पुगेपछि माओवादीको 'विजय अभियान' लाई रोक्न सेना सफल भयो । पश्चिमको केन्द्रीकृत फौजद्वारा २०५९ जेठ १३ गते गरिएको पहिलो खारा हमलामा उनीहरूले ठूलो नोक्सानीका साथ पराजय भोग्नु पऱ्यो । अनन्तले अगाडि भने :

> गाममा सफलता हासिल गरेलगत्तै केन्द्रीय कमिटीको बैठकका लागि हामी नेतृत्व तहका सबै भारतको गोवा गयौं । लडाइँमा पूरै जितेको २,२०० 'फस्ट ग्रेड' को सेना थियो पश्चिममा । रोल्पाको थबाङ र रुकुमको साँखमा रहेका पुराना सैनिक ब्यारेकहरू उठाएर हाम्रो फौज अगाडि बढ्यो । निकै ठूलो उत्साह भएको वेला साथीहरूले खारा सैनिक क्याम्पमाथि आक्रमण गर्ने योजना बनाए । तर खारा क्याम्प निकै पुरानो र मजबुत भएकाले त्यहाँ ठूलो क्षतिसहित हामी पराजित भयौं । हाम्रा करिब चार सय सशक्त लडाकुहरू हताहत भए ।[२५]

## *डिभिजनको घोषणा र पूर्वमा विस्तार*

२०५९ सालमा माओवादीले शक्ति केन्द्रीकरणको योजनाअन्तर्गत पार्टीको सांगठनिक संरचनामा केही परिवर्तन गरी पूर्वी, उपत्यका र पश्चिम केन्द्रीय कमाण्ड गठन गर्नुका साथै पूर्व र उपत्यकामा सैन्य संगठन विस्तारमा जोड दिए । लगत्तै पश्चिम क्षेत्रमा कार्यरत एक स्थायी ब्रिगेड र उपत्यकाका लागि एक कम्पनीको घोषणा गरियो । सिन्धुली-काभ्रे क्षेत्रको महाभारत रेञ्जलाई आधार बनाएर पूर्वमा सैन्य गतिविधि विस्तार गर्ने प्रयास सार्थक नभएपछि माओवादीले पश्चिमका हमलामा नेतृत्व गरेका अनन्तलाई २०५९ मा पश्चिममा तालिम प्राप्त दुइटा कम्पनीको साथमा पूर्वी क्षेत्रमा पठायो । कमजोर स्थिति भएकाले सुरक्षाफौजको लखेटाइमा पर्दै आएका पूर्वका छापामारहरूमा अनन्तको आगमनले ऊर्जा थप्यो । यही मौकाको फाइदा उठाउँदै दुइटा बटालियन गठन गरेका अनन्तले पूर्वमा सैन्य संगठन विस्तारबारे भने :

> हाम्रो सैन्य संगठनको मुख्य आधार पश्चिम नै हो, पूर्वमा चाहिं अलि ढिलो विस्तार भयो । म पूर्व जाँदा चार सय फौजको चारओटा अस्थायी कम्पनी मात्र थिए । जबकि पश्चिममा ब्रिगेड गठन गरेर २,२०० फौजको संलग्नतामा आक्रमण गरिसकेका थियौं । त्यो भनेको करिब डिभिजन तहको फौज हो । पूर्व जानेबित्तिकै मैले पाँच-पाँच सय

[२५] अनन्तसँग अन्तर्वार्ता, २०६६ साउन १८, काठमाडौं ।

> फौज रहेका दुइटा बटालियन बनाएँ । यो कसरी सम्भव भयो भनेर सबै साथीहरू आश्चर्यमा परे । लडाइँ भनेको मनोविज्ञानको कुरा हो, त्यसमा नेतृत्वको ठूलो भूमिका हुन्छ । पहिला अस्थायी कम्पनी मात्र छ रे भन्ने सुनेर शाही सेना लखेट्न आउँथ्यो । म पश्चिमबाट फोर्स लिएर गएको र दुइटा बटालियन बनाएको सुनेपछि उनीहरूको मनोबल गिर्‍यो ।[२६]

छापामार युद्धको नवौं योजना लागु गर्ने क्रममा माओवादीको बटालियन तहको फौजले सर्लाहीको कर्मैया सैनिक क्याम्पमा आक्रमण गर्ने योजना चुहेको भन्दै त्यसलाई स्थगित गरी पश्चिमका छापामारहरूको समेत संलग्नतामा २०५९ भदौ २२ गते सिन्धुलीको भिमान प्रहरी चौकीमा हमला गर्‍यो । र, प्रहरीको हतियार कब्जा गर्न ऊ सफल भयो । सल्लेरीमा सेनाको ब्यारेक कब्जा गर्न नसकेपछि त्यसबाट पूर्वी क्षेत्रमा परेको नकारात्मक असरलाई मेटाउन कुनै न कुनै सैनिक क्याम्प कब्जा गर्ने योजनामा थिए माओवादी लडाकुहरू । सर्लाही र सिन्धुलीमा त्यो सम्भव नभएपछि उनीहरूले २०५९ कात्तिक १० गते ओखलढुंगाको रुम्जाटार विमानस्थलको सुरक्षार्थ बसेको सैनिक टुकडीमाथि हमला गरे । तर २४ सहकर्मी गुमाएर पराजित भई फर्किन बाध्य भए ।

चीनसँग जोडिएको सोलुखुम्बुदेखि सिन्धुली-काभ्रेको महाभारत लेक भएर भारतसँग सीमा जोडिएको सर्लाहीसम्म चक्कर मार्दै पूर्वका माओवादी लडाकुले प्रहरी र सैनिक ब्यारेकमाथि हमला गरी आफ्नो शक्ति विस्तार गर्दै लगे । नवौं फौजी योजनाअन्तर्गतका कारबाहीलाई निरन्तरता दिँदै उनीहरूले २०५९ मंसिर १९ गते सिराहाको लाहानस्थित पूर्व-पश्चिम राजमार्गमा रहेको इलाका प्रहरी कार्यालय र बैंकमाथि हमला गरे । पूर्वी तराईमा यो एउटा ठूलो हमला भए तापनि माओवादीहरूले नजिकका सैनिक क्याम्पहरूमाथि आक्रमण गर्न नसकेर 'ब्लक' गर्ने नीति अपनाएका थिए । पूर्वको दुई बटालियन संलग्न रहेको लाहान कारबाहीबाट उनीहरूले तीन दर्जन हतियार र एक करोड नगद बटुल्न सफल भए ।

भिमान आक्रमणको भोलिपल्ट अर्थात् २०५९ भदौ २३ गते पश्चिमको ब्रिगेड तहको फौजले अर्घाखाँची जिल्ला सदरमुकाम सन्धिखर्कमा हमला गर्‍यो । लडाइँमा सेना र सशस्त्र प्रहरीमाथि माओवादी हाबी भए पनि उनीहरूतर्फ ७५ को हाराहारीमा हताहत भएका थिए । दुई महिनापछि २०५९ कात्तिक २८ गते राति,

---

[२६] अनन्तसँग अन्तर्वार्ता, २०६६ साउन १८, काठमाडौं ।

माओवादीको ब्रिगेड तहको फौजले कर्णाली अञ्चल सदरमुकाम जुम्लाको खलंगामाथि हमला गऱ्यो, तर पराजित भयो । त्यहाँ सेनासँग भएको पराजयले माओवादीलाई आफ्नो फौजी नीतिमाथि पुनर्विचार गर्ने अवस्थामा पुऱ्यायो । खलंगामा ठूलो धक्का खाएपछि बसेको पोलिटब्यूरो बैठकले मिलिसिया तथा सर्वसाधारणसँग सम्बन्ध विकास गरी 'मात्रा बढाऊ र गुण हासिल गर' भन्ने नीति तय गऱ्यो, जसको अर्थ नियमित फौजसँगै मिलिसिया र सर्वसाधारणको ठूलो संख्या लिएर मात्र आक्रमणमा जाने भन्ने हुन्थ्यो ।

नवौं योजनाको अन्तमा माओवादीको उपत्यका विशेष कमाण्डअन्तर्गतको 'अर्वान टिम' ले २०५९ माघ १२ गते ललितपुरको एकान्तकुना छेउ 'मर्निङ् वाक' मा रहेका सशस्त्र प्रहरी बलका महानिरीक्षक कृष्णमोहन श्रेष्ठको हत्या गऱ्यो । १० वर्षको सशस्त्र विद्रोहको क्रममा माओवादीबाट मारिने उनी सबभन्दा वरिष्ठ सुरक्षा अधिकारी थिए । यो घटनापछि माओवादी र सरकार दोस्रो वार्तामा बस्न तयार भए । माघ १५ गते सरकारले वार्ताको आह्वान गरी युद्धविराम घोषणा गरेकै दिन माओवादीले त्यसलाई स्वागत गरी युद्धविरामको घोषणा गरे । सात महिनाको युद्धविराम अवधिमा सरकार र माओवादीबीच तीन चरण वार्ता भए पनि उनीहरू कुनै सहमतिमा पुग्न सकेनन् ।

पहिलो वार्ताकालमा जस्तै यसपटक पनि दुवै पक्षले वार्ताको वातावरणलाई अर्को युद्धको तयारी गर्नमा उपयोग गरे । वार्ताकै अवधि अर्थात् २०६० जेठमा माओवादीले 'अन्तरविरोधको सही सञ्चालन गर्दै प्रत्याक्रमणको तयारीलाई नयाँ उचाइमा उठाउन सम्पूर्ण शक्ति केन्द्रित गरौं' भन्ने नारासहित दशौं फौजी योजना तय गरे । त्यसलाई कार्यान्वयन गर्न फौजी शक्ति सञ्चय गर्ने क्रममा २०६० असारमा माओवादीले पश्चिममा एउटा डिभिजन गठन गरे । मगर बाहुल्य क्षेत्रलाई आधार बनाएर पश्चिममा सैन्य विस्तार गरेको माओवादीले किराँत वर्कर्स पार्टीसँग एकता गरी पूर्वी पहाडमा पनि सैन्य आधार विकास गऱ्यो । माओवादी छापामार युद्ध सुरु भएको १८ महिनापछि पूर्वी पहाडमा लडाकु दस्ता गठन गरेर किराँत स्वायत्तताको माग गरी सशस्त्र संघर्ष गर्दै आएको गोपाल खम्बुको वर्कर्स पार्टीसँगको एकीकरणलाई उनीहरूले पूर्वमा सैन्य संगठन विस्तारका लागि उपयोग गरे । खम्बुसँगको एकताले फौजी विकासमा मद्दत पुगेको पुनको तर्क छ :

> गोपाल खम्बुको पार्टी किराँत वर्कर्ससँग रहेको एक प्लाटुनका करिब ३० जना सेना पहिला नै हामीसँग एकीकरण भइसकेका थिए । तर म गएर एक दुईओटा हमलामा सँगै संलग्न भएपछि उनीहरू फुटेर गए । उनीहरूसँग तिक्तता बढ्यो र केही ठाउँमा

> झडपसमेत भयो । फिल्डमा मैले उनीहरूसँग भेटघाट र वार्ता गरेर एकताका लागि वातावरण निर्माण गरें, केन्द्रमा अध्यक्षले पहल गरेपछि २०६० मा फेरि एकता भयो र एक प्लाटुन फौज उनीहरूसँग रहेको सामान्य घरेलु हतियारसहित सबै आयो । त्यसमध्ये थुप्रै साथीहरू पछि कमाण्डर पनि भए ।[२७]

शाही सेनाले २०६० साउन ३२ गते रामेछापको दोरम्बामा २० माओवादी कार्यकर्तालाई नियन्त्रणमा लिएर हत्या गरेको घटनालाई निहुँ बनाएर माओवादीले भदौ १० गते युद्धविराम भंग गरी काठमाडौंमा सेनाका कर्णेल किरण बस्नेतको हत्या गरे । तर वार्ता भंग भएपछि दशौं योजना लागु गर्ने क्रममा सुरुका दुई हमलामा माओवादी लडाकुहरूलाई असफलता हात लाग्यो । पश्चिम कमाण्डअन्तर्गतको दोस्रो ब्रिगेडले बाँकेको कुसुमस्थित सशस्त्र प्रहरी बेस क्याम्पमाथि २०६० असोज २३ गते गरेको आक्रमण र दुई दिनपछि असोज २५ मा पहिलो ब्रिगेडले भालुबाङस्थित सशस्त्र प्रहरी बलको तालिम केन्द्रमा गरेको आक्रमण दुवै असफल भए ।

'विकेन्द्रित कारबाहीलाई जारी राख्दै केन्द्रीकृत कारबाहीका लागि तयारी गर्ने' नीतिअन्तर्गत दशौं योजना लागु गर्ने क्रममा दर्जनौं कमाण्डो आक्रमणहरू गरेपछि माओवादीहरूले पूर्वको भोजपुर र पश्चिमको बेनीमा ठूला हमला गरे । पूर्वी पहाडमा सामरिक रूपमा महत्त्वपूर्ण मानिने सोलु-सल्लेरीको सीमा ऐंसेलुखर्कमा तयारी गरेर २०६० फागुन १९ गते उनीहरूले भोजपुर सदरमुकाम र दूरसञ्चारको टावर सुरक्षार्थ बसेको शाही सेनाको एउटा टुकडीमाथि एकैपटक आक्रमण गरे । ब्यारेकको सेनालाई ब्लक गरी सदरमुकाममाथि हमला गर्ने क्रममा टावरको सैनिक शक्तिमाथि विजय हासिल गर्न उनीहरू सफल भए । यो हमलाका कमाण्डर अनन्तका अनुसार पूर्वमा शाही सेनामाथि माओवादी हाबी भएको यो पहिलो घटना थियो ।

मध्यपश्चिममा सशस्त्र प्रहरी बलमाथिको हमला असफल भएपछि माओवादीले साढे पाँच महिना लामो तयारीपछि २०६० चैत १० गते म्याग्दी जिल्लाको सदरमुकाम बेनीमा भीषण हमला गरे । डिभिजन गठनपछि पश्चिम कमाण्डका चारओटा ब्रिगेडसहितको सम्पूर्ण फौजी शक्तिद्वारा गरिएको यो आक्रमणलाई

---

[२७] किराँत वर्कर्स पार्टी माओवादीमा एकीकरण भैसकेपछि पनि गोपाल खम्बुले माओवादी सेनाभित्र छुट्टै किराँत टुकडी बनाउने एकता भेलाको निर्णय पालना नभएको भन्दै एकता प्रक्रियाप्रति नै असहमति जनाएका थिए (खम्बु मिति उल्लेख नभएको) ।

माओवादीहरू 'उच्चस्तरको मोर्चाबद्ध हमला' का रूपमा व्याख्या गर्छन् । ८१ एमएम मोर्टारबाट आक्रमण सुरु गरेका लडाकुहरूले यहाँ पहिलोपटक आफैंले निर्माण गरेको 'डिस्चार्ज ग्रिनेड' को सफल प्रयोग गरेका थिए । मोर्चाबद्ध लडाइँको हिसाबले सबभन्दा ठूलो लडाइँ बेनी नै थियो, जहाँ 'आर्टिलरी' बाट दोहोरो बमबारी गरी राति १० बजेदेखि बिहानसम्म लडाइँ चलेको थियो । तर सदरमुकाम कब्जा भए तापनि कर्णेलको कमाण्डमा करिब ५०० को संख्यामा रहेका सेनाको मुख्य ब्यारेक नियन्त्रणमा लिने माओवादी योजना सफल हुन सकेन । बरु उनीहरूले आफ्ना दुईजना ब्रिगेड सहायक कमाण्डर बहुवीर र योद्धासहित दुई दर्जनभन्दा बढी लडाकु गुमाए (ओगुरा २०६३) । बेनी हमलालाई आधार बनाएर माओवादीले छापामार युद्ध रणनीतिक सन्तुलनको चरणबाट प्रत्याक्रमणको चरणमा प्रवेश गरेको घोषणा गरे ।

## *प्रत्याक्रमण र समायोजन रणनीति*

छापामार युद्धको आठ वर्षपछि २०६१ भदौमा बसेको केन्द्रीय समितिको विस्तारित बैठकबाट माओवादीले युद्ध 'रणनीतिक सन्तुलन' बाट 'रणनीतिक प्रत्याक्रमण' अर्थात् निर्णायक चरणमा प्रवेश गरेको घोषणा गरे । र, 'क्रान्तिकारी रूपान्तरणको प्रक्रियालाई नयाँ उचाइमा उठाउँदै रणनीतिक प्रत्याक्रमणको चरणमा प्रवेश गरौं' भन्ने नारा दिए । प्रत्याक्रमणको राजनीतिक अर्थ केन्द्रीय सत्ता कब्जा गर्ने अन्तिम चरण र फौजी भाषामा राज्यको सेनासँग आमनेसामने लड्ने मोर्चाबद्ध लडाइँको चरण हो । माओवादीले यही बैठकबाट 'प्रत्याक्रमणको पहिलो योजना सफल पारौं, वैदेशिक हस्तक्षेपका विरुद्ध व्यापक तयारी गरौं' भन्ने नारासहित एघारौं फौजी योजना पनि पारित गरे । माओवादीलाई दबाउन भारतीय हस्तक्षेप हुनसक्ने विश्लेषण गर्दै त्यसविरुद्ध सुरुङ युद्ध गर्ने दाबीसहित योजनामा 'एक घर एक छापामार, एक घर एक बंकर र एक गाउँ एक सुरुङ' को नीति ल्याइएको थियो ।

माओवादीले प्रत्याक्रमणको रणनीतिअनुसार फौजी संरचना विस्तार गरेर तीनओटा डिभिजन घोषणा गरे । पश्चिममा २०६० मा बनाइएको एक डिभिजन फौजलाई विस्तार गरी राप्ती र गण्डकमा मध्य तथा भेरी-कर्णाली र सेती-महाकालीमा पश्चिम गरी दुइटा डिभिजन निर्माण गरे । पूर्वमा २०६० मा बनाइएको एक ब्रिगेडलाई २०६१ मा तीन ब्रिगेडमा विस्तार गरी उपत्यकासमेत हेर्ने गरी अर्को एक डिभिजनको घोषणा गर्न पनि उनीहरू सफल भए । उनीहरूले छापामारहरूलाई व्यवस्थित तालिमको आयोजना गर्नका लागि 'जनसैन्य

प्रतिष्ठान' गठन गर्नुको साथै भारतमा रहेका प्रवासी नेपाली र जनवर्गीय संगठनहरूबाट लडाकु आपूर्ति गर्ने निर्णय पनि गरे ।

सरकारसँग दोस्रो वार्ता पनि असफल भएपछि 'भारतीय हस्तक्षेप' विरूद्ध लड्ने र 'वास्तविक मालिक' सँग मात्र वार्ता गर्ने निर्णय गरेर राजतन्त्रप्रति नरम देखिएका माओवादीहरू त्यतिखेर चकित भए, जब राजा ज्ञानेन्द्रले २०६१ माघ १९ गते शेरबहादुर देउवाको सरकार विघटन गरी सम्पूर्ण सत्ता आफ्नो नियन्त्रणमा लिएको घोषणा गरे । शाही कदमबाट राजा र संसदवादी पार्टीहरूबीच दूरी बढ्ने र त्यसबाट आफूलाई फाइदा हुने विश्लेषणसहित माओवादीहरू एघारौं फौजी योजना लागु गर्न अग्रसर भए । विकेन्द्रित, केन्द्रित र घनीभूत केन्द्रित हमला गर्ने प्रत्याक्रमणको पहिलो योजनाअनुसार सुरुको चरणमा लडाकुले शाही सेनालाई क्याम्प बाहिर बोलाएर आक्रमण गर्ने वा सडक एम्बुसमा पार्ने दर्जनौं कारबाही देशैभरि चलाए । त्यसपछि केन्द्रित कारबाही गर्ने क्रममा पश्चिम डिभिजनले २०६१ फागुन ७ गते बर्दियाको गणेशपुर र २०६२ असार १० गते रम्बापुरमा गरेको हमलामा असफलता हात लाग्यो । गणेशपुरमा उनीहरूले ब्रिगेड कमाण्डर प्रेमबहादुर रोकाया 'जीत' सहित करिब तीन दर्जन लडाकु र त्यत्तिकै मात्रामा आधुनिक हतियार गुमाए । यसबीच २०६२ जेठ २३ गते चितवनको माडीमा डेढ सय यात्रु चढेको बसलाई माओवादी कार्यकर्ताले धरापमा पारेर ३८ जनाको ज्यान लिएको घटनाले माओवादी निकै बद्नाम भयो ।[२८] पृथ्वी राजमार्गको कृष्णभीरमा सडक अवरोध गरी शाही सेनाको गाडीबाट हतियार खोस्न सफल मध्य डिभिजनअन्तर्गतको चौथो ब्रिगेडको टुकडी लमजुङको भीरपुस्ताङमा पराजित भयो ।

असफलताको यो शृंखलालाई भंग गर्ने प्रचण्डको योजनाअनुसार मध्य र पश्चिम डिभिजनको संयुक्त फौजले २०६१ चैत २५ गते दोस्रोपटक रुकुमको खारा बेस क्याम्पमाथि हमला गरे ।[२९] तर करिब २५० लडाकुलाई गुमाएर माओवादीले खाराको १८ घण्टा लामो लडाइँ हारे । छापामार युद्धको क्रममा एउटै हमलामा यति धेरै लडाकु मारिएको सम्भवतः यो नै पहिलो थियो । सिंगो फौजी कमाण्ड कमजोर हुँदा खारामा युद्ध हारेको तत्कालीन तीनमध्ये एक डिभिजन कमाण्डर अनन्तको विश्लेषण छ :

---

[२८] आफ्नो गृहजिल्ला चितवनको माडीस्थित बाँदरमुडेमा यात्रु बसलाई धरापमा पारेर ३८ जना सार्वसाधारणको ज्यान लिएको घटनालाई प्रचण्डले माओवादी युद्धको सबभन्दा ठूलो कलंकको संज्ञा दिएर माफी मागेका थिए ।

[२९] छापामार युद्धका क्रममा हमलामा जानु पहिले माओवादी सेनाका सर्वोच्च कमाण्डर प्रचण्डले प्रत्यक्ष 'कोचिङ' गरेको यो मात्रै ठूलो लडाइँ थियो ।

> पश्चिम, मध्यपश्चिम र पूर्व हेर्ने गरी तीनओटा कमाण्ड बनाएपछि फौजी संरचनाको विस्तार भयो । तर कोर कमाण्डर र फाइटरहरू विभाजित भए र फोर्स पनि नपुगेजस्तो भयो । त्यसले गर्दा फौजको गुणस्तर कमजोर भयो । तर पछि सुदृढ भएर आइसकेपछि दोस्रोपटक खारा बेस क्याम्पमा हमला गरियो । खारा शाही सेनाको निकै मजबुत किल्ला हो, जुन रोल्पा, रुकुम र सल्यान तीनओटा जिल्ला 'कन्ट्रोल' गर्न सक्ने रणनीतिक ठाउँमा छ । तर 'फिल्ड' मा आफैंबीच तालमेल नमिल्दा हामीले दोस्रो लडाइँ पनि हार्‍यौं । एकथरी साथीहरूले एक रातमा लडाइँ सक्ने गरी लड्नुभयो, अर्काथरीले दुई–तीन दिन घेरबन्दी गरेर ठूलो लडाइँ लड्ने तयारी गर्नुभयो । त्यहाँ कि पूरै मोर्चाबन्दीमा जानुपर्थ्यो कि छिट्टै लडाइँ टुंग्याउनु पर्थ्यो । रणनीतिक इलाकालाई कार्यनीतिक रूपमा लिने अर्को गल्ती पनि भयो । सिंगो कमाण्ड कमजोर भएकाले पनि त्यहाँ हारिएको हो । तर खाराको एउटा ठूलो लडाइँको अनुभवले फिल्डमा नेतृत्व र साधन स्रोतको केन्द्रीकरण तथा 'वार ट्याक्टिस' को विकास जरुरी छ भन्ने शिक्षा दियो ।[३०]

दुईजना डिभिजन कमाण्डरहरू पासाङ र प्रभाकरबीच मुख्य कमाण्डसम्बन्धी विवादले सिर्जना गरेको असमझदारीले लडाकुमा ल्याएको विभाजन नै खारामा माओवादी पराजयको कारण बन्यो ।[३१] तर पार्टीका कतिपय नेताले माओवादी सेनाका सर्वोच्च कमाण्डर प्रचण्डले स्पष्ट निर्देशन दिन नसक्दा खारामा हार्नु परेको आरोप लगाए भने राजाले शासन आफ्नो हातमा लिएको अवस्थामा पार्टीभित्र बढेको विवाद र बाबुराम भट्टराईमाथिको कारबाही प्रकरणले गर्दा लडाकुहरूको मनोबल गिरेकाले त्यस्तो परिणाम आएको तर्क पनि गरे ।[३२] प्रत्याक्रमणको चरणमा भएका पराजयको शृंखलामा खाराको असफलताले माओवादीलाई ठूलै झड्का दियो र त्यसले उनीहरूलाई संघर्षको अर्को पाटोतिर

---

[३०] अनन्तसँग अन्तर्वार्ता, २०६६ साउन १८, काठमाडौं ।

[३१] हेर्नुहोस् यसै पुस्तकमा साम कोवानको लेख ।

[३२] माओवादीका तत्कालीन स्थायी समिति सदस्य, मध्यकमाण्ड इन्चार्ज तथा संयुक्त क्रान्तिकारी जनपरिषद्का संयोजक बाबुराम भट्टराईले फौजी कार्यदिशालगायत रणनीति र कार्यनीतिमा असहमति जनाउँदै २०६१ कात्तिकमा चार बुँदे र मंसिरमा १३ बुँदे पत्र पार्टी मुख्यालयमा दर्ता गरेपछि प्रचण्ड र उनीबीच बढेको असमझदारीको परिणामस्वरूप २०६१ माघमा रुकुमको लाबाङमा बसेको पोलिटब्यूरो बैठकले पार्टीको साधारण सदस्य मात्र रहने गरी भट्टराईलगायत दीनानाथ शर्मा र हिसिला यमिलाई कारबाही गर्‍यो । करिब छ महिनापछि २०६२ साउनमा प्रचण्डले विज्ञप्ति जारी गरेर उक्त कारबाही फिर्ता लिएको घोषणा गरे (नेकपा [माओवादी] २०६४क) । माओवादीबाट निष्कासित तत्कालीन पोलिटब्यूरो सदस्य रवीन्द्र श्रेष्ठले २०६२ चैत २ गते बीबीसी रेडियोको नेपाली सेवासँगको अन्तर्वार्तामा खारामा भएको पराजयको दोष अध्यक्ष प्रचण्डलाई दिएका थिए ।

उन्मुख गरायो । खारा हमलाको करिब एक महिनापछि नै पार्टी कारबाही भोगिरहेका नेता बाबुराम भट्टराई र कृष्णबहादुर महरा अध्यक्ष प्रचण्डको योजनाअनुसार संसदवादी पार्टीहरूसँग निर्णायक वार्ताको तयारी गर्न दिल्ली पुगे, जसले राजा, माओवादी र संसदवादीबीचको त्रिपक्षीय द्वन्द्वलाई नयाँ मोड दियो ।

प्रत्याक्रमणको पहिलो योजनाअन्तर्गत पूर्वको डिभिजनले २०६१ पुसमा धनकुटाको लेउतीखोला, माघमा इलामको पुवाखोला र फागुनमा मोरङको जाँतेमा धरापमा पारेर सेनाबाट दर्जनौं आधुनिक हतियार कब्जा गऱ्यो । केन्द्रीकृत कारबाहीअन्तर्गत यो डिभिजनले २०६२ वैशाख २६ गते सिराहाको बन्दिपुरस्थित प्रहरीचौकीलाई नियन्त्रणमा लिए तापनि सेनाको क्याम्प कब्जा गर्ने उसको योजना असफल भयो ।

प्रत्याक्रमणको पहिलो योजनाअन्तर्गतका प्रमुख हमलाहरूमा भएको पराजयले फौजी रणनीतिमाथि गम्भीर प्रश्न उठिरहेको वेला पश्चिम डिभिजनले कालिकोटको तिला नदी-किनार पिलीमा शाही सेनाले अस्थायी क्याम्प निर्माण गर्न लागेको सूचना पायो र तत्काल हमला गर्ने निर्णय गऱ्यो । बाजुराको सदरमुकाम मार्तडी र कोल्टी बेस क्याम्प हान्न माओवादी लडाकुहरू अगाडि बढेको हल्ला चलाएर सेनालाई झुक्याई पश्चिम डिभिजनका तेस्रो र आठौं ब्रिगेड अछामबाट तथा दोस्रो ब्रिगेड जाजरकोटबाट कालिकोटको पिलीतिर अगाडि बढे । दिल्लीमा पार्टीहरूसँग भइरहेको वार्तामा समझदारी विकास गर्न एकपक्षीय युद्धविराम गर्ने तयारीमा रहेका प्रचण्ड त्यसअघि अर्को फौजी पराजयको जोखिम मोल्न चाहँदैनथे । त्यसैले हमलाका लागि अन्तिम सहमति दिनुपहिले उनले आफ्ना कमाण्डरहरूलाई विजयप्रति सुनिश्चित हुन निर्देशन दिए ।

राजा ज्ञानेन्द्रको प्रत्यक्ष निर्देशनमा मध्य वर्षामा सुर्खेत-जुम्ला सडक निर्माणका लागि पिलीमा क्याम्प स्थापना कार्यमा व्यस्त रहेको शाही सेनाको इन्जिनियर बटालियनमाथि तीन ब्रिगेडको करिब तीन हजार माओवादी लडाकुहरू २०६२ साउन २३ गते अप्रत्यासित रूपमा हमलामा उत्रिए । हेलिकोप्टरबाट सामान झारिरहेको मौका छोपेर साँझ साढे पाँच बजे हमला गरेर लडाकुहरूले ५८ सैनिकको ज्यान लिनुको साथै ठूलो मात्रामा स्वचालित हतियार कब्जा गरे ।[३३]

---

[३३] माओवादी कमाण्डरहरूका अनुसार छापामार युद्धको क्रममा उनीहरूले सबभन्दा धेरै स्वचालित हतियार पिलीमा कब्जा गरेका थिए । त्यहाँ एकथान ८१ मीमी मोर्टार, एकथान जीपीएमजी, दुईथान टु इन्च मोर्टार, दुई थान एसएमजी, दुईथान ब्राउनिङ, ८० थान एसएलआर, ७० थान इन्सास र २० थान एलएमजी कब्जा भएको माओवादी सेनाका छैठौं डिभिजन सहकमाण्डर उदयबहादुर चलाउने 'दीपक' ले उल्लेख गरेका छन् (चलाउने २०६६) ।

पाचौं डिभिजन कमाण्डर रहेका कालीबहादुर खामका शब्दमा, "दुस्मनलाई भुलभुलैयामा हराएर हमला गर्नु नै पिली कारबाहीको महत्त्वपूर्ण कला हो" (विविध २०६२) । पिलीको सफलताले ठूलो अन्तरविरोधको हल गरेको हमलाका कमाण्डर प्रभाकरले उल्लेख गरेका छन् :

> हामीले मंगलसेन, गाम, खारादेखि रम्बापुरसम्मका शिक्षाहरूबाट पिली जित्यौं । शाही सेनाले बाटो खन्न गएको सेनामाथि हमला गरे भनेर कुप्रचार गऱ्यो र हतियारले काम गरेन भनेर भ्रम सिर्जना गर्न खोज्यो । तर वास्तविकता के थियो भने त्यहाँ उनीहरूको २२६ जनाको सशस्त्र फोर्स थियो र १२ दिनमा 'फोर्टिफिकेशन' को ८० प्रतिशत काम पूरा गरिसकेको थियो । हाम्रा कमरेडहरूले नौ घण्टा लगाएर बंकरलाई घेरिएका काँडेतारहरू काटेका थिए । हामीले साहसपूर्वक हमला गऱ्यौं र त्यो मजबुत 'फोर्टिफिकेशन' तोड्न सफल भयौं । ....(यो सफलताले) ठूलो समस्या र अन्तरविरोधको हल भयो भनेर पश्चिम डिभिजनलाई बधाई सन्देश आएका छन् । यो विजयपछि जनसेनामा भर्तीको लहर नै चलेको छ (प्रभाकर २०६२) ।

पिली हमलाको करिब तीन सातापछि २०६२ भदौ १८ गते माओवादीले एकपक्षीय युद्धविराम घोषणा गरेर राष्ट्रसंघीय साधारणसभामा सम्बोधन गर्न जाने योजना रद्द गर्न राजा ज्ञानेन्द्रलाई बाध्य पार्नुका साथै संसदवादी दलहरूसँग सहकार्य गर्ने बाटो पनि खोले । युद्धविरामको सहज अवधिमा भएका वार्ताहरूबाट संसदवादी पार्टीहरूसँग मिलेर अगाडि बढ्न सहमत हुँदै गएको बखत माओवादीले २०६२ असोज-कात्तिकमा रोल्पाको चुनबाङमा केन्द्रीय समितिको बैठक गरी लोकतान्त्रिक गणतन्त्रमा जाने औपचारिक निर्णय गऱ्यो । यो निर्णय गरेको एक महिनापछि दिल्लीमा माओवादी र सात राजनीतिक दल १२ बुँदे समझदारीमा हस्ताक्षर गर्न सहमत भए । यद्यपि, २०६२ मंसिर ७ गते समझदारीमा हस्ताक्षर गर्दा माओवादीले फौजी रणनीति त्यागेका थिएनन्, बरु उनीहरू छापामार युद्ध र सहरी विद्रोहलाई समायोजन गरी अगाडि बढ्ने २०५७ सालको दोस्रो राष्ट्रिय सम्मेलनबाट पारित रणनीतिअनुसार यो निर्णयमा पुगेका थिए ।

चुनबाङ बैठकले समायोजनको रणनीतिलाई सम्बोधन गर्ने गरी 'लोकतान्त्रिक गणतन्त्रको पक्षमा व्यापक मोर्चा कायम गरौं, राजनीतिक र फौजी प्रत्याक्रमणलाई नयाँ उचाइमा उठाऔं' भन्ने नाराअन्तर्गत प्रत्याक्रमणको दोस्रो योजनाको रूपमा १२ औं फौजी योजना लागु गर्ने निर्णय गऱ्यो । नयाँ परिस्थितिको सामना गर्न बाबुराम भट्टराईमाथिको कारबाही फिर्ता लिएर पार्टीलाई पुनः एकताबद्ध बनाउने निर्णय गऱ्यो । साथै, बैठकले फौजी संरचना विस्तार गरेर तीन डिभिजनबाट

सात डिभिजन पुऱ्याउने र त्यसमध्ये पूर्वी कमाण्डमा दुई, मध्य कमाण्डमा एक र पश्चिम कमाण्डमा चार डिभिजन परिचालन गर्ने निर्णय गऱ्यो । एकैपटक थपिएका चार डिभिजनका लागि आवश्यक लडाकु आपूर्ति गर्न उनीहरूले राजनीतिक कार्यकर्ता तथा मिलिसियालाई फौजीकरण गर्ने कार्यक्रम ल्याए । राजा ज्ञानेन्द्रविरुद्ध बन्दै गएको जनमत, पार्टीहरूसँग विकास भएको समझदारी र युद्धविराम माओवादीका लागि सैन्य भर्ती गर्ने एउटा राम्रो अवसर बनेको तत्कालीन डेपुटी कमाण्डर प्रभाकरको भनाइबाट बुझिन्छ (प्रभाकर २०६२) ।

दिल्लीमा भएको १२ बुँदे समझदारीबाट संसदवादी दलहरूले वैधानिकताको छाप लगाएपछिको सहज परिस्थितिमा माओवादीले नयाँ भर्ती अभियान चलाए । माओवादीले शाही सेना राजाको पूर्ण नियन्त्रणमा गएकाले सात दलका नेताहरूलाई माओवादी सेनाले सुरक्षा दिने र यसलाई अझ विस्तार गर्नुपर्ने प्रस्ताव पनि अगाडि सारेका थिए ।[३४] माओवादी नेताहरूले पार्टीहरूलाई तिनका युवा संघसंगठनहरूलाई समेत मिसाएर आफ्नो सेनालाई 'राष्ट्रिय सेना' को रूप दिन सकिने तर्कसमेत गरेका थिए ।[३५] सात पार्टीहरू माओवादीको यो तर्कमा सहमत हुन सक्ने अवस्था त थिएन, तर उनीहरूले दिल्ली समझदारीबाट पहिलोपटक औपचारिक रूपमा माओवादी सेनालाई 'सशस्त्र शक्ति' को रूपमा शाही सेनाकै हाराहारीमा मान्यता दिए । दिल्लीमा भएको समझदारीको तेस्रो बुँदामा भनिएको छ, 'संविधानसभाको निर्वाचनका क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्रसंघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरिवेक्षणमा राख्ने, निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष ढंगले सम्पन्न गर्ने र निर्वाचनको परिणामलाई स्वीकार्ने समझदारी भएको छ ।'

१२ बुँदे समझदारीले माओवादीलाई नयाँ सैन्य भर्तीका लागि बाटो खोलिदिएकाले त्यसपछि गुणात्मक रूपमा सेनाको विकास भएको दाबी गर्छन् चौथो डिभिजन कमाण्डरबाट वाईसीएल अध्यक्ष बनेका गणेशमान पुन :

---

३४ सात पार्टीका नेताहरू आफ्नो प्रभाव क्षेत्रमा भ्रमण गर्दा माओवादी सेनाले मार्चपास र सलामी गरेर उनीहरूलाई सम्मान दिने गरेका थिए । १२ बुँदे समझदारीअघि रोल्पा पुगेका तत्कालीन नेकपा (एकताकेन्द्र-मसाल) का महासचिव नारायणकाजी श्रेष्ठ प्रकाश तथा नेकपा (एमाले) का नेता वामदेव गौतम र युवराज ज्ञवालीलाई उनीहरूले त्यस्तो सम्मान दिएका थिए ।

३५ पाल्पा, गुल्मी र स्याङ्जाको त्रिवेणीमा पर्ने रिडी बजारमा भएको सशस्त्र सभालाई २०६३ वैशाख ८ गते सम्बोधन गर्ने क्रममा डेपुटी कमाण्डर प्रभाकरले माओवादी सेना राष्ट्रिय सेना भएको दाबी गर्दै काँग्रेस-एमालेका युवाहरू भर्ना हुन् आए तालिम र हतियार दिने दाबी गरेका थिए ।

> १२ बुँदे समझदारीले जनयुद्ध र जनआन्दोलनको फ्यूजन गऱ्यो र त्यो एउटै कमाण्डमा चल्ने भयो । त्यही वेला जनमुक्ति सेनामा सातओटा डिभिजन बनाइयो र धेरै भर्ती गरियो । १२ बुँदे समझदारीले गर्दा माओवादी मात्रै होइन अरू धेरै सेनामा आए, सेनाको फर्मेशन र संख्या गुणात्मक रूपमै वृद्धि भयो । त्यस वेला मात्र करिब ३०-३५ हजार नयाँ भर्ना भए । जनमुक्ति सेनामा रहेकाहरू चाहिं आवश्यकता अनुसार पार्टीमा आए ।[३६]

सैन्य आपूर्तिका लागि पहिलेदेखि नै 'एक टोल एक मिलिसिया' को अवधारणा लागु गर्दै आएका माओवादीहरूले २०६१ साउनदेखि 'एक घर एक छापामार' को नीति अगाडि ल्याएर भर्ती अभियान तीव्र बनाएका थिए । माओवादीले २०५५ मा सैन्य संरचना बनाउने क्रममा पहिलोपटक मिलिसियाको अवधारणा ल्याए र कालान्तरमा त्यसलाई सेना आपूर्तिको मुख्य आधार बनाए । माओवादी प्रवेश गर्ने व्यक्तिलाई सबभन्दा पहिला मिलिसियामा राखेर विकास गर्दै योग्य ठहरिएकालाई सेनामा लैजाने गरिन्थ्यो । त्यसैले मिलिसिया माओवादी सेनाका आधारस्तम्भ हुन् । माओवादीले १६ वर्षमुनिका बालबालिका र स्कूले विद्यार्थीलाई समेत मिलिसियामा भर्ना गरेर फौजी रूपमा विकास गर्न थाले । राष्ट्रिय-अन्तर्राष्ट्रिय तहबाट चर्को आलोचना हुँदा पनि उनीहरूले त्यसलाई सच्याएनन् । २०६१ भदौ १६ गते एक वक्तव्यमार्फत प्रचण्डले माओवादीसँग एक लाख मिलिसिया रहेको दाबी गरेका थिए ।[३७]

---

[३६] २०६३ वैशाख ११ गते तत्कालीन राजा ज्ञानेन्द्रले प्रतिनिधिसभा पुनःस्थापना गरेदेखि मंसिर ५ गते विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गर्दासम्मको करिब सात महिनाको संक्रमणकालीन अवधिमा माओवादीले ठूलो संख्यामा नयाँ भर्ती गरे । आफ्नो सेनामा भर्ना भएमा शिविरमा जानेबित्तिकै तलब पाइने र पछि नेपाली सेनामा समायोजन हुने भएकाले जागिरसमेत सुरक्षित हुने प्रचार गरिएपछि बेरोजगार युवाहरूको भर्ना हुने लहर चल्यो ।

[३७] सामान्य तालिम र सकेटबम तथा आफैंले निर्माण गरेका हतियार दिएर मिलिसियालाई माओवादीले एम्बुस थाप्ने, आफ्ना घोषित जनसरकार प्रमुखहरूको सुरक्षा गर्ने, पार्टीका नेता र सैन्य कमाण्डरहरूको अंगरक्षक बनाउने, जासुसको रूपमा परिचालन गर्ने, शंकास्पद व्यक्तिहरूलाई समातेर 'जनअदालत' मा बुझाउने तथा पार्टीका बैठक, भेला, प्रशिक्षण र तालिमका वेला सेन्ट्रीको रूपमा प्रयोग गर्थे । लडाइँका वेला फौजभन्दा अगाडि पठाएर बाटो खाली गर्नेदेखि घाइते, खाद्यान्न, हतियार र गोलाबारूद ओसार्न पनि मिलिसियाको प्रयोग हुन्थ्यो । तर प्रत्यक्ष लडाइँका वेला भने उनीहरूलाई टाढै राखिन्थ्यो । माओवादीले दुनै, खलंगा, सन्धीखर्क, बेनीलगायतका ठूला आक्रमणमा मिलिसिया वा स्वंसेवक धेरै परिचालन गरेका थिए (हेर्नुहोस्, ओगुरा २०६३, प्रचण्ड २०६३ र सापकोटा २०६४) ।

'ढाडमा टेकेर टाउकोमा हान्ने' बाह्रौं योजनाको फौजी रणनीतिअनुसार माओवादीले काठमाडौंलाई टाउको मानेर पश्चिमी ढाड गण्डक र पूर्वी ढाड नारायणीलाई निर्धारण गरे । यसको मुख्य उद्देश्य काठमाडौं र वरिपरिका सहरमा उम्लिरहेको शान्तिपूर्ण विद्रोहलाई बल पुऱ्याउनु र सरकारबाट हुन सक्ने दमनको जोखिमलाई न्यून गर्नु थियो । २०६२/०६३ सालको जनआन्दोलन क्रममा फौजी र गैरफौजी दुवै प्रकारका कार्यक्रम आयोजना गर्ने नीतिअनुसार उनीहरूले पश्चिमको चार डिभिजन फौजमध्ये कार्यक्षेत्रमा एक एक ब्रिगेड छोडेर ठूलो शक्ति गण्डकमा, पूर्वको डिभिजनलाई नारायणीमा र अर्को एक डिभिजनलाई उपत्यकामा परिचालन गरे । फौजी हमला जारी राख्नुका साथै जनआन्दोलन वा आम हड्तालललाई प्रभावकारी बनाउन नाकाबन्दी र राजनीतिक परिचालनजस्ता सडक संघर्षमा बढी केन्द्रित भए । गाउँलेहरूलाई नजिकैका सहरमा हुने प्रदर्शनहरूमा भाग लिन पठाउनेदेखि स्थानीय बजार र सडकहरूमा फौजी पोसाक सहित सशस्त्र जुलुश गर्ने तथा सात पार्टीसँग संयुक्त सभा गरी गणतन्त्रका लागि दबाब दिने जस्ता कार्यक्रममा माओवादी लडाकुहरू सक्रिय भए ।[३८]

गण्डकमा केन्द्रित पश्चिमको फौजले २०६२ माघ १८ गते पाल्पाको सदरमुकाम तानसेन, माघ २७ गते नवलपरासीको सुनवल र फागुन १६ गते अर्घाखाँचीको तीनगिरेमा शाही सेनामाथि हमला गऱ्यो भने उपत्यकामा रहेको फौजले २०६२ माघ १ गते ललितपुरको दधिकोट र काठमाडौंको थानकोट इलाका प्रहरी चौकीमाथि हमला गरे । यसबाट राजधानीमा दबाब सिर्जना भए तापनि त्यसले ठूलो फौजी धक्का दिन सकेन । त्यस्तै, नारायणीमा केन्द्रित फौजले २०६२ चैत २४ गते भारतसँग सीमा जोडिएको मध्य तराईको सर्लाही जिल्ला सदरमुकाम मलंगवामा हमला गऱ्यो । त्यहाँ शाही सेनाको ब्यारेकमाथि आक्रमण गर्ने नीति नभए पनि पहिलोपटक सेनाको नाइटभिजन हेलिकोप्टर खसालेर ठूलो सफलता हासिल गरेको माओवादीको दाबी छ । पूर्वको फौजले २०६३ वैशाख १० गते सिन्धुपाल्चोक सदरमुकाम चौतारास्थित दूरसञ्चारको टावर सुरक्षार्थ खटिएको शाही सेनाको गुल्ममाथि आक्रमण गऱ्यो । दस वर्षे

---

[३८] उदाहरणका लागि गण्डकमा चार डिभिजन फौजको नेतृत्व गरिरहेका डेपुटी कमाण्डर प्रभाकरको नेतृत्वमा २०६३ वैशाख ८ गते पाल्पाको एक गाउँबाट निस्किएको माओवादी सेनाको सशस्त्र जुलुश पाँच किलोमिटर हिँडेर रिडी बजारको सभामा मिसिन पुगेको थियो । तीन जिल्लाबाट आएका मानिसहरूको सभामा माओवादी लडाकुले साँस्कृतिक कार्यक्रम प्रदर्शन गर्नुको साथै प्रभाकरले राजतन्त्रको चर्को विरोध गर्दै गणतन्त्रको माग गरेका थिए । २०६२/०६३ को जनआन्दोलनलाई ऊर्जा दिन यस्ता फौजी सभा देशका धेरै ठाउँमा आयोजना गरिएको माओवादीको दाबी छ ।

छापामार युद्धकै अन्तिम यो फौजी हमलामा माओवादीहरू असफल भए । २०६३ वैशाख ११ गते राजा ज्ञानेन्द्रले प्रतिनिधिसभा पुनःस्थापना गरेपछि संयुक्त जनआन्दोलनको समापनसँगै माओवादीको फौजी कार्यक्रम पनि स्थगित भयो । २०५२ फागुन १ गते रोल्पा र सिन्धुलीमा असफल तथा रुकुममा सफल फौजी हमला गरी सुरु भएको माओवादी छापामार युद्धको एउटा अध्याय मिश्रित परिणामबीच एक दशकपछि सिन्धुपाल्चोकको चौतारामा पूरा भयो ।

## फौजी विजय भएन

सेनासँगको भिडन्तमा सुरुको चरणमा सफल भएका माओवादीहरू पहिलो खारादेखि दोस्रो खारासम्मका धेरैजसो लडाइँमा पराजित भए । उनीहरूले घोराही, मंगलसेन, गाम, सन्धिखर्क, भोजपुर, पिलीजस्ता ठूला हमलामा विजय हासिल गरे तर सल्लेरी, खारा, खलंगा, गणेशपुर, रम्बापुर, चौताराजस्ता हमलामा पराजित भए । बेनी आक्रमणसँगै सेनासँग मोर्चाबद्ध युद्ध सुरु भएको दाबी गरे तापनि त्यस्ता हमलामा उनीहरू सफल हुन सकेनन् । पछिल्ला वर्षहरूमा यसरी असफल हुनुमा सेनाका क्याम्पहरूमा भएको मजबुत किल्लाबन्दी र उनीहरूलाई प्राप्त आधुनिक हतियार प्रमुख कारण रहेको माओवादीको विश्लेषण छ । गाम हमलाका योजनाकार पूर्वडेपुटी कमाण्डर अनन्तका अनुसार मजबुत किल्लाबन्दीका बाबजुद उनीहरू त्यहाँ सेनामाथि हाबी भएका थिए :

> हामीले अछाम जित्दा नजित्दै अमेरिकी सैन्य विशेषज्ञहरू आइसकेका थिए । अमेरिकन 'वार ट्याक्टिस' र योजनाअनुसार शाही सैनिक ब्यारेकहरूमा किल्लाबन्दी गरिसकिएको थियो । गामको ब्यारेकमा मैले अमेरिकी डिजाइनअनुसारको किल्लाबन्दी राम्रोसँग देखें । बाहिरबाट हेर्दा एउटा घर पनि नदेखिने गरी दुई किलोमिटर क्षेत्रलाई पूरै किल्लाबन्दी गरिएको थियो । बाहिर निस्कनै नपर्ने गरी खाने, बस्ने, सुत्ने सबै अण्डरग्राउण्ड थियो । ट्रेन्च खनेर, काँडे तार लगाइएको थियो । मैले सबभन्दा मजबुत किल्लाबन्दी गाममै देखें तर त्यहाँ पनि हामीले जित्यौं ।[३९]

छापामार युद्धको सुरुआत र त्यसको पाँच वर्षपछि शाही सेनामाथि आक्रमण सुरु गर्दासम्म माओवादीहरू फौजी रूपमै काठमाडौं कब्जा गर्न सकिन्छ भन्ने मान्यता राख्थे तर विद्रोहीसँग सामना गर्न अमेरिका, भारत र बेलायतले शाही

[३९] अनन्तसँग अन्तर्वार्ता, २०६६ साउन १८, काठमाडौं ।

सेनालाई सैन्य सहयोग दिन थालेपछि उनीहरूको त्यो विश्वास धर्मरायो ।[४०] फौजी विजय हुन नसक्ने विश्लेषणसहित माओवादीले २०५७ सालमै समायोजनको रणनीति विकास गरिसकेका थिए । तर, शाही सेनासँग भएका पछिल्ला पराजयहरू, खास गरी खारामा भएको ठूलो असफलताले उनीहरूलाई छापामार युद्धको रणनीतिमाथि पुनःविचार गरी सात पार्टीसँग समझदारी विकास गर्न भारतको दिल्लीसम्म डोऱ्यायो । छापामार युद्धको निरन्तरतासँगै संसदीय पार्टीहरूसँग मिलेर शान्तिपूर्ण विद्रोहको बाटो समात्नु पछाडि अन्य कारणहरू अतिरिक्त सैन्य कारण प्रमुख थियो । अन्तर्राष्ट्रिय सहयोग पाएको शाही सेना सोचेभन्दा बलियो दुस्मनको रूपमा उभिएपछि माओवादीहरू युद्ध रणनीति परिवर्तन गरी राजनीतिक र फौजी समायोजनद्वारा अगाडि बढ्ने निर्णयमा पुगे (प्रचण्ड २०६३) ।

खाराको दोस्रो लडाइँमा ठूलो पराजय भोगेपछि माओवादीहरू रणनीति परिवर्तन गरी पुनः छापामार कारबाहीकै बाटोमा फर्किए । र, आफ्ना लडाकुलाई सडकमा केन्द्रित गरी कमाण्डो र एम्बुस कारबाही चलाए । ब्यारेकबाहिर निस्किएको मौका छोपेर वा बाहिर आउन बाध्य पारेर (धादिङको कृष्णभीर, नवलपरासीको सुनवल, धनकुटाको लेउतीखोला, इलामको पुवाखोला, बाराको तीन नम्बर पुल) सेनामाथि आक्रमण गर्ने वा ब्यारेकलाई ब्लक गरेर जिल्ला सदरमुकाम (तानसेन, मलंगवा) मा हमला गर्ने पछिल्लो नीतिले माओवादी लडाकुहरू सेनासँगको प्रत्यक्ष लडाइँबाट सकेसम्म तर्किन खोजेको पुष्टि हुन्छ । चौथो डिभिजनका पूर्व कमाण्डर गणेशमान पुनका अनुसार शाही सेनाले पाएको अन्तर्राष्ट्रिय सैन्य सहयोगले गर्दा उनीहरू युद्ध रणनीति परिवर्तन गर्न बाध्य भएका थिए :

---

[४०] माओवादीलाई फौजी रूपमा राजधानी कब्जा गर्नबाट रोक्न नेपालबाट निकै टाढा रहेको अमेरिका र छिमेकी राष्ट्र भारतले शाही सेनालाई दिएको सैन्य सहयोग प्रमुख कारण बन्यो । २०५८ मंसिरमा घोराही आक्रमणपछि देउवा सरकारले संकटकाल घोषणा गरेर माओवादीविरुद्ध कारबाही सुरु गरेको करिब दुई महिनापछि माघमा अमेरिकी विदेशमन्त्री कोलिन पावेल काठमाडौं ओर्लिए र सैनिक मुख्यालय भद्रकालीको भ्रमण गरी अमेरिका माओवादीविरुद्ध रहेको बताएर सेनालाई ढाडस दिए । लगत्तै काठमाडौं आएका भाजपा सरकारका विदेशमन्त्री जसवन्त सिंहले माओवादीलाई आतंककारीको बिल्ला भिराएर शाही सेनालाई आठ अर्ब रुपियाँ बराबरको सैन्य सहयोग घोषणा गरे । २०६० सालमा शाही सेनालाई तालिम दिन ४९ जना अमेरिकी सैन्य टोलीसहित ८,००० थान एम १६ राइफल र भारतबाट ... थान इन्सास राइफल नेपाल आयो । सोही साल चीनले पनि माओवादीलाई 'सरकार विरोधी तत्त्व' घोषणा गरी शाही सेनालाई सहयोग स्वरूप सञ्चार सामग्री उपलब्ध गरायो (हेर्नुहोस्, विजयकुमार २०५८ र मेज सन् २००७) ।

> २०५८ सालमा आक्रमण सुरु गरेपछि घोराही, मंगलसेन, लिस्ने-गाम, थबाङ, साँखसम्म पुग्दा शाही सेनामाथि हामी विजयी भयौं । २०६०/०६१ सालमा शाही सेनालाई भारतीय र अमेरिकी तालिम र किल्लाबन्दीसँगै एम-१६ र इन्सासजस्ता अत्याधुनिक हतियारसमेत दिएर क्याम्पिङ गरियो । जुम्लाको खलंगा र दोस्रो खारामा त्यसको प्रभाव देखियो, त्यसपछि लडाइँ लम्बियो । शाही सेनाका क्याम्पहरूलाई किल्लाबन्दी गरिएपछि हामीले रणनीति परिवर्तन गऱ्यौं । उनीहरूको मुख्य फोर्सलाई क्याम्पभित्र कैद गर्ने र बाहिर आएकालाई सखाप पारेर परिणाम निकाल्ने नयाँ उपाय अपनायौं । लगत्तै 'ढाडमा टेकेर टाउकोमा हान्ने' नीतिअनुसार सहरी क्षेत्रमा हमला केन्द्रित गऱ्यौं र जनआन्दोलनसँग तालमेल मिलाएर राजनीतिक रूपमा जित्यौं ।[४१]

अन्तर्राष्ट्रिय सहयोग पाएको शाही सेनाको किल्लाबन्दी तोड्ने सामर्थ्य माओवादीहरूमा थिएन । उनीहरू छापामार युद्ध लब्याउन सक्ने हैसियत राख्थे तर फौजी रूपमा जित्ने स्थितिमा थिएनन् । हतियार किनेर युद्ध लम्ब्याउन आर्थिक रूपमा चुनौतीपूर्ण थियो र प्रहरी तथा सेनाबाट खोसेका हतियारले मात्र लडाइँ जितिने अवस्था थिएन । उनीहरू जिल्ला सदरमुकाम कब्जा गर्न सक्षम थिए तर त्यसलाई आफ्नो अधीनमा राख्न सक्थेनन् । सरकारले ठूलो सैनिक अपरेसन चलाएमा लामो समय सुरक्षित हुनसक्ने स्थायी आधारइलाका पनि थिएन । शाही सेनाले आफ्नो फौजको संख्या ४५ हजारबाट ९५ हजार पुऱ्याएको थियो र त्यो तीव्र गतिमा बढिरहेको थियो । उता माआवादी सेनामा चाहिं भर्ती हुने क्रम घट्दै गएको थियो ।

छापामार युद्धका लागि लडाकु आपूर्तिको प्रमुख स्रोत बनेका दुर्गम गाउँका युवाहरू माओवादी मिलिसियामा भर्ती हुनबाट जोगिन विदेशिने क्रम बढेको थियो । पूर्णकालीन कार्यकर्ता वा लडाकु बन्न चाहने युवाहरू पाउन गाह्रो हुँदै गएको थियो । सरकारले गाउँलाई छाडिदिने र सहर कब्जा गर्न नदिने रणनीति अपनाएको विश्लेषणसहित माओवादीले सहरतर्फ केन्द्रित हुने योजना बनाए (धिताल २०६६ : ७१-७६) । लडाकु कमाण्डरहरू (परिवर्तन, जीत, योद्धालगायत) मारिने, गिरफ्तारीमा पर्ने वा आत्मसमर्पण गर्ने क्रम बढेकाले फौजी नेतृत्व खड्किन थालेको थियो भने पार्टीका धेरै नेताहरू (मोहन वैद्य, सीपी गजुरेल, मातृका यादव, सुरेश आलेमगर र पटनामा छजना केन्द्रीय सदस्यहरू) गिरफ्तार भएपछि राजनीतिक नेतृत्वको पनि अभाव हुन थालेको थियो ।

---

[४१] पुनसँग अन्तर्वार्ता, २०६५ चैत ४, काठमाडौं ।

२०५८ भदौ २६ (सेप्टेम्बर ११) पछि सशस्त्र युद्धका लागि प्रतिकूल बन्दै गएको अन्तर्राष्ट्रिय र क्षेत्रीय राजनीतिक परिस्थिति, देशभित्रकै त्रिपक्षीय शक्ति संघर्ष, खड्किँदै गएको फौजी र राजनीतिक नेतृत्व तथा शान्तिपूर्ण राजनीतिक यात्राका लागि बन्दै गएको वातावरण माओवादीका लागि हतियार बिसाउने उपयुक्त मौका बन्यो । फौजी रूपमा युद्ध जित्न नसकिने र जितिहाले पनि टिकाउन नसकिने आकलनपछि माओवादीहरू एक दशक लामो छापामार युद्धबाट आर्जन गरेको शक्तिलाई शान्तिपूर्ण संघर्षमा रूपान्तरण गरी अगाडि बढ्ने निर्णयमा पुगे, जसलाई उनीहरू युद्धकै अर्को पाटोको रूपमा लिन्छन् । आफूहरूले राजनीतिक युद्ध जितेको दाबी गर्दै गणेशमान पुन त्यसमा टेकेर अगाडि जाने चरणमा रहेको दाबी गर्छन् :

> युद्ध जित्ने 'ट्याक्टिस' र विचारले हो । त्यसमा हामीले जित्यौं । हामीले नजितेको भए, संविधानसभा र संघीय लोकतान्त्रिक गणतन्त्र आउने थिएन । शाही सेनाको कमाण्डर ढलेर नेपाली सेना बन्यो, अब दुवै सेना समायोजन गरेर राष्ट्रिय सेना बन्छ । शान्ति सम्झौतामा आएर एउटा लडाइँ टुंगियो । वारपारको लडाइँ हुनै पाएन तर राजनीतिक रूपमा राजाको सेनालाई खोसियो र खुनखराबी नगरिकनै राष्ट्रिय सेना बनाउने चरणमा छौं । त्यसकारण जनमुक्ति सेना विजयी सेना हो ।[४२]

राजतन्त्र वा पुरानो राज्य संयन्त्रका लागि माओवादी फौजी शक्ति पन्छाउनै नसकिने ठूलो चुनौती बन्यो तर उनीहरूले फौजी विजय हासिल गर्न भने सकेनन् । छापामार युद्ध थालेको पहिलो पाँच वर्षमा कमजोर अवस्थामा रहेको प्रहरी शक्तिमाथि हाबी भए तापनि राजाको नेतृत्वमा रहेको शाही सेनालाई सैन्य बलबाटै परास्त गरी केन्द्रीय सत्ता कब्जा गर्ने योजनामा माओवादी असफल भए ।

## समायोजनमा किचलो

नेकपा (माओवादी) र सात राजनीतिक दलबीच भएको १२ बुँदे समझदारीअनुसार संयुक्त जनआन्दोलनबाट राजालाई परास्त गरेपछि शान्ति प्रक्रिया आरम्भ भयो ।

---

[४२] पुनसँग अन्तर्वार्ता, २०६५ चैत ४, काठमाडौं । माओवादीले शान्ति प्रक्रियामा प्रवेश गरेपछि सम्भावित सहरी विद्रोहका लागि भनेर आफ्नो सेनाका कमाण्डरहरूको नेतृत्वमा वाईसीएल गठन गऱ्यो । पुन अध्यक्ष रहेको वाईसीएलमा उपाध्यक्ष उमा भुजेल, उपत्यका संयोजक चन्द्रबहादुर थापालगायत नेतृत्व तहमा पूर्व फौजी कमाण्डरहरू छन् । माओवादीले यो अर्धसैनिक दस्तालाई आफ्नो सेनाको सहायक संगठन अर्थात् 'प्रहरी फोर्स' को रूपमा लिने गरेको छ ।

संसदवादी दलहरूलाई संशयको दृष्टिले हेरिरहेका माओवादीले शान्ति प्रक्रियाको सुरुदेखि नै आफूलाई सेनासहितको समानान्तर शक्तिका रूपमा उभ्याउने प्रयत्न गरे । उनीहरूले हरेक सहमति वा सम्झौतामा आफ्नो फौजलाई समानान्तर सेनाको रूपमा प्रस्तुत गरे । गिरिजाप्रसाद कोइराला नेतृत्वको सात दलको संयुक्त सरकार र माओवादीबीच २०६३ जेठ १२ गते भएको युद्धविराम आचारसंहिताको पाँचौं बुँदामा 'हातहतियार तथा सैनिक व्यवस्थापनका बारेमा आपसी सहमतिको आधारमा आवश्यकताअनुसार छलफल तथा समझदारी कायम गर्दै जाने' उल्लेख गरियो । शान्ति प्रक्रियालाई अगाडि बढाएर संविधानसभाको चुनाव गराउने लक्ष्यसहित २०६३ असार २ गते माओवादी अध्यक्ष प्रचण्ड तथा वरिष्ठ नेता बाबुराम भट्टराई कास्कीको सिक्लेसबाट हेलिकोप्टरमा काठमाडौं आए । र, प्रधानमन्त्री कोइरालासहित सात दलका शीर्ष नेताहरूसँग बालुवाटारमा दिनभरि वार्ता गरे । साँझ अबेर सात दल र माओवादी नेताहरूको हस्ताक्षरमा आठ बुँदे सहमतिको दस्तावेज जारी भयो, जसको तीन नम्बर बुँदामा भनिएको छ, 'संविधानसभाको स्वतन्त्र तथा निस्पक्ष निर्वाचनका लागि दुवै पक्षका सेना र हतियारको व्यवस्थापनमा सहयोग गर्न र त्यसको अनुगमन गर्न संयुक्त राष्ट्रसंघलाई अनुरोध गर्ने ।'

प्रधानमन्त्री निवास बालुवाटारमा भएको यो सहमतिले नेपालको शान्ति प्रक्रियामा संलग्न हुन राष्ट्रसंघलाई बाटो खुल्यो । सहमतिअनुसार २०६३ साउन २४ गते सरकार र माओवादीले पाँच बुँदे संयुक्तपत्र पठाई नेपालको शान्ति प्रक्रियामा प्रत्यक्ष संलग्न भएर सहयोग गर्न राष्ट्रसंघलाई अनुरोध गरे । पत्रमा सेना र हतियारको व्यवस्थापनबारे भनिएको छ, "दुवै पक्षका हतियार र सशस्त्र व्यक्तिहरूको व्यवस्थापनबारे राष्ट्रसंघसँग सहयोग माग्ने सम्बन्धमा भएको सहमतिअनुसार निर्धारित छाउनीभित्र माओवादी लडाकुहरू राखिनेछ । हतियार र गोलीगट्ठाहरूसहित सम्पूर्ण कुराहरूको समाधानको तरिकाबारे पछि सम्बन्धित पक्षहरू र संयुक्त राष्ट्रसंघले निश्चित गर्नेछन् ।" सरकार र विद्रोही माओवादीको अनुरोधअनुसार राष्ट्रसंघको सुरक्षा परिषद्ले २०६३ माघ ९ गते महासचिवका विशेष प्रतिनिधिको नेतृत्वमा नेपालमा राष्ट्रसंघीय राजनीतिक मिसन (अनमिन) स्थापना गर्‍यो ।

२०६३ मंसिर ७ गते प्रधानमन्त्री कोइराला र माओवादी अध्यक्ष प्रचण्डले विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरी सशस्त्र युद्ध समाप्त भएको औपचारिक घोषणा गरे । शान्ति सम्झौताको ४(४.४) मा 'माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुनःस्थापना निम्ति अन्तरिम मन्त्रिपरिषद्ले विशेष कमिटी

बनाएर काम गर्ने' उल्लेख छ, जुन माओवादी सेनाको भविष्य निर्धारण गर्ने सबभन्दा महत्त्वपूर्ण र आधिकारिक बुँदा हो । शान्ति सम्झौतामा हस्ताक्षर भएकै दिनदेखि माओवादी लडाकुहरू अस्थायी शिविरहरूमा जम्मा हुन थाले । अनमिनले सात मुख्य र २१ सहायक गरी २८ ओटा शिविरमा बसेका सात डिभिजन लडाकु र हतियारको दर्ता प्रक्रिया २०६३ पुस-माघमा पूरा गर्‍यो, जसअनुसार ३२,२५० माओवादी लडाकु र तिनीहरूसँग ३,४७५ हतियार रहेको खुलासा भयो । अनमिनले २०६४ असारदेखि सुरु गरेर पुससम्ममा प्रमाणीकरणको काम पनि गर्‍यो ।[४३] प्रमाणीकरणबाट १९,६०२ माओवादी सेना योग्य ठहरिए, जसमध्ये १५,७५६ पुरुष र ३,८४६ महिला रहेको अन्तिम प्रतिवेदन अनमिन विशेष प्रतिनिधिले तत्कालीन शान्ति तथा पुनर्निर्माणमन्त्री रामचन्द्र पौडेल र माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई बुझाए ।[४४]

शिविरमा बसेपछि सरकारले उचित रेखदेख नगरेको र समयमै मासिक भत्ता उपलब्ध नगराएको गुनासो गरिरहे तापनि माओवादी लडाकुहरू केही अपवादका बाबजुद शान्ति सम्झौता र अन्तरिम संविधान, २०६३ को भावनाअनुसार अनुशासनमा बसे ।[४५] संविधानसभा चुनावलाई प्रभावित गर्ने आशंकालाई निर्मूल गरी उनीहरू शान्तिपूर्ण रूपमा मतदानमा सहभागी भए र परिणामलाई सहज रूपमा स्वीकार गरे । तर चुनावलगत्तै कोटेश्वरका व्यापारी रामहरि श्रेष्ठलाई अपहरण गरी चितवनको शक्तिखोरस्थित तेस्रो डिभिजन मुख्यालय शिविरमा लगेर हत्या गरेको घटनाले माओवादी सेना बद्नाम भयो । श्रेष्ठ हत्याको अभियोग लागेका एकजना ब्रिगेड कमाण्डर गोविन्दबहादुर बटाला प्रहरीको नियन्त्रणमा आए पनि दुईजना फरार भए । हत्याको आरोप लागेका डिभिजन कमाण्डर कालीबहादुर खाममगरलाई केन्द्रीय समितिमा बढुवा गरेकोमा माओवादीले चर्को विरोधको सामना गर्नु पर्‍यो ।

---

[४३] २०४५ जेठ १२ पछि जन्मिएका २,९७३ जना बालबालिका, २०६३ जेठ ११ पछि भर्ती गरिएका १,०३५ जना र दर्ता भएका तर प्रमाणीकरणमा अनुपस्थित भएका ८,६४० जना लडाकु प्रमाणीकरणमा अयोग्य ठहरिए । अनमिनले अयोग्य ठहर गरेका ४००८ लडाकुहरूलाई शिविरबाट अलग गर्ने प्रक्रिया २०६६ पुसबाट सुरु भयो ।

[४४] सातओटा डिभिजनमध्ये तेस्रो डिभिजन मुख्यालय रहेको काठमाडौँबाट सबभन्दा नजिक पर्ने चितवनको शक्तिखोरस्थित शिविर सबभन्दा ठूलो छ, जहाँ ६,१०० लडाकु छन् र तीमध्ये करिब दुई हजारलाई अनमिनले अयोग्य ठहर्‍याएको थियो ।

[४५] सरकारले हरेक लडाकुलाई मासिक तीन हजारको दरले तलब दिँदै आएकोमा माओवादी नेतृत्वमा सरकार बनेपछि बढाएर पाँच हजार पुर्‍याइयो । त्यसबाहेक हरेक लडाकुले दैनिक ७० रुपियाँको दरले रासन खर्च पनि पाउँदै आएका छन् ।

राष्ट्रसंघको निगरानीमा २८ ओटा अस्थायी शिविरमा राखिएका १९,६०२ लडाकुलाई राष्ट्रिय शक्तिहरूले सत्ता-संघर्षको निर्णायक विषय बनाए । माओवादी अध्यक्ष प्रचण्डले नेतृत्व गरेको गठबन्धन सरकार सेना समायोजनसम्बन्धी विवादले सिर्जना गरेको प्रधानसेनापति प्रकरणको भूमरीमा पऱ्यो । सेनापति रूक्मांगद कटवाललाई अवकाश दिने माओवादी सरकारको निर्णय र त्यसलाई रोक्न राष्ट्रपति रामवरण यादवले चालेको विवादास्पद राजनीतिक कदम सत्ता-संघर्षकै एउटा रूप थियो । सेनालाई सरकारमातहत ल्याएर लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी आफू दिगो रूपमा हाबी हुने माओवादी रणनीति र माओवादीलाई त्यसरी हाबी हुन नदिन सेनाको आड लिन खोज्ने शक्तिहरूबीचको टकरावले यो प्रकरणलाई जन्म दियो । अर्को कुनै राजनीतिक शक्तिले सेनालाई पुनः आफूविरूद्ध प्रयोग गर्ने वा उसको आडमा सत्ता हत्याउने स्थितिको अन्त्य गर्नका लागि माओवादीले सेनापति परिवर्तन गरी आफूअनुकूल बनाउन खोजेका थिए । त्यसो गर्दा आफ्ना लडाकुको समायोजनका लागि स्थिति सहज बन्छ र सेना पुनःसंरचना गरी राष्ट्रिय सेनाको स्वरूप दिन सकिन्छ भन्ने कुरा उनीहरूले खुला रूपमै राख्दै आएका थिए ।

'राज्यसत्ता खोस्न र कायम राख्न चाहनेहरू जोसुकैसँग बलियो सेना हुनैपर्छ' भन्ने माओत्सेतुङको सैद्धान्तिक मान्यताबाट आफूहरू निर्देशित भएको माओवादीले लुकाएका छैनन् । त्यही मान्यताअनुसार लडाकुहरू शिविरमा थन्क्याएर प्रतिस्पर्धात्मक चुनावबाट सरकारको नेतृत्व गर्न पुगेपछि पनि उनीहरूले आफ्नो राजनीतिक कार्यसूचीको पहिलो नम्बरमा सेनालाई नै राखिरहे अन्य पार्टीहरूले पनि माओवादीलाई पाखा लगाउन सेनाकै आड लिन खोजे । तर माओवादीलाई किनारामा पार्न वा सत्ता खोस्नका लागि सेनाको आड लिन खोज्ने क्रियाकलापबाट अन्य पार्टीहरू पनि माओको त्यही मान्यताअनुसार चलेको पुष्टि हुन्छ, जुन सत्ताका लागि हुने हरेक लडाइँमा स्वाभाविक मानिन्छ ।

प्रधानसेनापति प्रकरणका कारण २०६६ वैशाखमा प्रधानमन्त्री पदबाट राजीनामा गरेकै दिन सार्वजनिक गरिएको प्रचण्डको भिडियो टेपले माओवादी सेनासम्बन्धी एउटा ठूलो विवाद सिर्जना गऱ्यो । माओवादी सेनाको वास्तविक संख्या सात-आठ हजार मात्र रहेको तर बाहिरका मानिस राखेर २० हजारको आसपास पुऱ्याएको भन्ने प्रचण्डको भनाइ सार्वजनिक भएपछि प्रतिपक्षी काँग्रेसले अनमिनसँग पुनः प्रमाणीकरण गर्न माग गऱ्यो । लगत्तै माओवादी सेनाका कमाण्डर पासाङले पुनः प्रमाणीकरण मान्य नहुने वक्तव्य दिए । विवादमा मुछिएपछि अनमिनले २०६६ जेठ ५ गते विज्ञप्तिमार्फत 'नेपाल सरकार र नेकपा माओवादीबीच २०६३

मङ्सिर २० गते भएको हतियार तथा सेना व्यवस्थापनको अनुगमन सम्झौताले माओवादी सेनाका लडाकु हुनका लागि तोकेको मापदण्ड (२०६३ जेठ ११ अघि भर्ती भएका र २०४५ जेठ १२ अघि जन्मेका हुनुपर्ने) अनुसार प्रमाणीकरण गरिएकाले पुनः प्रमाणीकरण हुन नसक्ने' भनी स्पष्ट गरेपछि यो प्रकरण किनारा लाग्यो ।[४६]

माओवादी सेनाको रेखदेख, समायोजन र पुनःस्थापनाका लागि प्रधानमन्त्री तथा माओवादी अध्यक्ष प्रचण्डको अध्यक्षतामा गठित विशेष समितिको कार्यक्षेत्र र संरचनाबारे राजनीतिक सहमति भएपछि २०६५ माघ ३ गते यसको पहिलो बैठक बस्यो ।[४७] विशेष समितिले गठन गरेको प्राविधिक समितिले शिविरहरूको निरीक्षण गरी लडाकुहरूको इच्छा बुझेर एउटा प्रतिवेदन दिइसकेको छ । प्रचण्डले राजीनामा दिएपछि गठन भएको माधवकुमार नेपालको सरकारले प्रधानमन्त्रीको अध्यक्षतामा विशेष समितिलाई निरन्तरता दिन प्रयास गर्‍यो तर करिब दुई महिनासम्म माओवादीले प्रचण्डकै अध्यक्षतामा समितिले निरन्तरता पाउनु पर्ने माग गरे । सरकार गठन गरेको करिब तीन महिनापछि मात्र आफ्नो अध्यक्षतामा विशेष समितिलाई निरन्तरता दिने कुरामा माओवादीलाई मनाउन प्रधानमन्त्री नेपाल सफल भए । तर सेना समायोजन र पुनःस्थापनासम्बन्धी माओवादी र अन्य पार्टीहरू तथा नेपाली सेनाको बुझाइ फरकफरक भएकाले यो निकै जटिल विषय बनेको छ ।[४८]

माओवादी सेनाको समायोजनको मुद्दामा कम्तीमा तीन खालका अवधारणा सतहमा आए पनि ठोस प्रस्ताव कसैले राख्न सकेको छैन । माओवादीले पनि प्रस्ट अवधारणा सार्वजनिक गरेका छैनन् तर उनीहरू दुवै सेना समायोजन गरेर राष्ट्रिय सेना बनाउनु पर्ने तर्क गर्छन् । माओवादीहरू सेना समायोजनसम्बन्धी

---

[४६] अनमिनले उक्त विज्ञप्तिमा 'योग्यताका लागि हतियार बोकेकै हुनुपर्ने कुरालाई सरकार र नेकपा माओवादीले सर्तका रूपमा निर्णय नगरेको र माओवादी सेनामा आफू कार्यरत भएको देखाउन माओवादी सेनाको परिचयपत्र प्रस्तुत गर्न आवश्यक थियो' भनेको छ ।

[४७] माओवादी नेतृत्वको सरकारमा रहेका प्रमुख तीन पार्टी र प्रमुख प्रतिपक्षी नेपाली काँग्रेस सहितका चार पार्टीबाट दुई-दुई जना रहेको समितिको अध्यक्षता प्रधानमन्त्रीले गरेका थिए ।

[४८] २०६६ भदौ १९–२२ गते राजधानीमा बसेको माओवादी सेनाको जनरल स्टाफ बैठकले संविधान निर्माण र सेना समायोजनको प्रक्रिया समानान्तर रूपमा अगाडि बढाइनु पर्ने माग गर्‍यो । साथै माओवादी सेनाका कमाण्डरहरूले धेरैजसो लडाकु सेनामा समायोजन हुन चाहे पनि विशेष समितिको निर्णयअनुसार हुने भएकाले त्यसका लागि समायोजन र पुनःस्थापनाको प्याकेज ल्याउन आग्रह गरे ।

दक्षिण अफ्रिकाको मोडल अनुकरण गर्न चाहन्छन् अर्थात् माथिदेखि तलसम्म-सहकमाण्डरदेखि जवानसम्म समूहगत रूपमा समायोजन गर्नुपर्ने उनीहरूको तर्क छ ।[४९] माओवादीका कतिपय नेता र कमाण्डरहरूले सबै लडाकु नेपाली सेनामा समायोजन गर्ने अडान राखिरहे पनि प्रमुख नेतृत्व तह भने सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र अनुसन्धान विभाग चारओटै सुरक्षा निकायमा समायोजन गर्ने वा सीमा/औद्योगिक सुरक्षा बल स्थापना गरेर व्यवस्थापन गर्ने कुरामा पनि लचिलो देखिएका छन् ।

दोस्रो अवधारणा माओवादी सेनालाई नेपाली सेनामा समायोजन गर्नै हुँदैन भन्ने छ । काँग्रेस र एमालेका केही नेताहरू र नेपाली सेनाका केही जर्नेलहरूले यस्तो दृष्टिकोण राख्छन् । तर सेना समायोजनको विपक्षमा सबभन्दा आक्रामक रूपमा प्रस्तुत भए, नेपाली सेनाका तत्कालीन प्रधानसेनापति रूक्मांगद कटवाल । उनले बारम्बार भर्नाको मापदण्ड पूरा गर्नेलाई व्यक्तिगत आधारमा लिन सकिने तर समूहगत समायोजन हुनै नसक्ने जिकिर गरे । २०६६ भदौ १९ गते सैनिक मुख्यालयमा आयोजित बिदाइ समारोहमा उनले समायोजनको विपक्षमा दिएको एउटा तर्क राजनीतिक रूपमा निकै अर्थपूर्ण थियो, "राज्यको सुरक्षा फौज जान नसक्ने कुनै पनि ठाउँ थिएन, राज्यभित्र राज्यको अवस्था थिएन" (घले २०६६ख) । छापामार युद्धको वेला माओवादीले राज्य कायम गर्न सकेका थिएनन् र सम्पूर्ण भू-भाग सेनाको नियन्त्रणमा भएकाले माओवादी सेनालाई समानान्तर शक्तिका रूपमा नेपाली सेनामा समायोजन गर्न नहुने उनको आशय थियो ।

नेपाली सेना र माओवादी सेनाले आ-आफूले युद्ध जितेको दाबी गर्न नछाडे तापनि स्वतन्त्र विश्लेषकहरूले न हार न जितको अवस्था रहेको विश्लेषण गरेका थिए र त्यसैलाई आधार मानेर शान्ति सम्झौता भएको थियो । तर शान्ति सम्झौताको भावना विपरीत कटवालबाट आएका आक्रामक टिप्पणीहरू, माओवादी सेनाका लडाकुको भविष्यबारे खासै प्रगति नभएको अवस्थामा सरकारको निर्देशन विपरीत नेपाली सेनामा खाली रहेका पदपूर्ति गर्ने भनेर गरिएको नयाँ भर्ती तथा माओवादी सेनाका खेलाडीले भाग लिएपछि राष्ट्रिय खेलकुद प्रतियोगिताका केही खेलबाट अलग हुने सेनाको निर्णयले माओवादी सैनिक कमाण्डरहरूलाई उत्तेजित बनाउने काम गर्‍यो ।[५०]

---

[४९] अनन्तसँग कुराकानी, २०६६ साउन १८, काठमाडौं ।

[५०] सेनापतिमा बहाल रहँदा कटवालले यस्ता उत्तेजनापूर्ण टिप्पणीहरू बारम्बार गरिरहे । उदाहरणका लागि माओवादी नेतृत्वको सरकारको अवकाश दिने निर्णयलाई उल्टाउने राष्ट्रपतिको कदमलाई

चुनावबाट संविधानसभामा सबभन्दा ठूलो दलको रूपमा उदाएको माओवादीलाई किनारामा पार्न प्रतिस्पर्धी दलहरूले खेलेका अनेक खेलहरूमध्ये एउटा मुख्य खेल शान्तिप्रक्रिया वा सेना समायोजनसँग सम्बन्धित थियो । संविधानसभाको सबभन्दा ठूलो दलको हैसियतमा माओवादीले सरकारको नेतृत्व गरेपछि एमालेका वरिष्ठ नेता माधवकुमार नेपालसहित काँग्रेसका कतिपय नेताहरूले 'सैन्य संरचनासहितको माओवादीसँग चुनावमा प्रतिस्पर्धा गर्नु र उसलाई सरकारको नेतृत्व गर्न दिनु गल्ती थियो' भन्ने आशयका अभिव्यक्ति दिए । संविधानसभा गठन भएपछि काँग्रेस र एमालेको एउटा पक्ष माओवादी लडाकुलाई नेपाली सेनामा समायोजन गर्ने कुराको विपक्षमा उर्भिँदै आएको छ ।

माओवादी लडाकुलाई नेपाली सेनामा पूरै समायोजन गर्ने र गर्नै हुँदैन भन्ने दुई अतिवादी दृष्टिकोणबीच मध्यमार्गी धार अलि बलियो रहँदै आएको छ । यो धारले शान्ति सम्झौताको भावना र नेताहरूबीच अनौपचारिक रूपमा भएको समझदारीअनुसार एउटा निश्चित संख्या नेपाली सेना र बाँकीलाई अन्य सुरक्षा निकायमा समायोजन गर्नुपर्ने मान्यता राख्छ । अनमिनले अगुवाइ गरिरहेको यो धारमा माओवादीको मुख्य नेतृत्व, एमालेको संस्थापन पक्ष र काँग्रेसको एउटा पक्ष उभिएको देखिन्छ । राष्ट्रसंघका महासचिवका विशेष प्रतिनिधि इयान मार्टिनले आफ्नो बिदाइको क्रममा २०६५ माघ ३ गते सुरक्षा परिषद्को बैठकसमक्ष प्रस्तुत गरेको प्रतिवेदनमा सेना समायोजनसम्बन्धी विवादलाई यसरी प्रस्ट्याउने प्रयास गरेका थिए :

> तत्कालै स्थायी शान्ति हासिल गर्ने हो, यसलाई दिगो तुल्याउने हो र द्वन्द्वोत्तर समयका चुनौतीहरूमाथि सफलता हासिल गर्ने हो भने सेनाहरूका सम्बन्धमा मूल सम्झौताको भावनाको कदर गर्नै पर्छ । ...शान्ति सम्झौताले सेनाहरूको भविष्यबारे स्पष्ट उल्लेख नगरी माओवादी सेनाको समायोजन, पुनःस्थापना र रेखदेखका लागि विशेष समिति र नेपाली सेनाको लोकतान्त्रीकरणका लागि कार्ययोजनाजस्ता प्रक्रियामा सीमित राखेको छ । तर वार्ताकारहरूबीच भएको अनौपचारिक समझदारीमा 'समायोजन'

---

माधव नेपालको मन्त्रिपरिषद्ले अनुमोदन गरेपछि पुनः प्रधानसेनापति बनेका कटवालले २०६६ असार २७ गते पाल्पा ब्यारेकमा सैनिक कमाण्डरहरूलाई निर्देशन दिने क्रममा माओवादी लडाकुको सम्बन्धमा यस्तो टिप्पणी गरे, "पसल थापेर बस्ने, भाँडा माझेर बस्ने, पढ्ने, दुवई-मलेसिया जाने वा गाउँमा गएर बस्ने लडाकुको व्यक्तिगत सवाल हो ।" नागरिकन्यूज डट कम, २०६६ असार २८ ।

> भन्नाले माओवादी सेनाको एउटा ठूलै संख्या नेपाली सेनामा मिलाउने भन्ने थियो तर कुनै हालतमा पनि सबै लडाकुहरूलाई नेपाली सेनामा मिलाउने भन्ने थिएन । नेपाली सेनाको लोकतान्त्रीकरणका लागि कार्ययोजना तथा समावेशीकरण सम्झौताको अर्को समानान्तर महत्त्वपूर्ण पक्ष थियो ।

सेना समायोजन विशेष समितिमा रहेका माओवादी स्थायी समिति सदस्य अनन्तले शान्ति सम्झौता हुने वेलामा माओवादी सेनाको ठूलो संख्या नेपाली सेनामा र बाँकी अन्य सुरक्षा निकायमा समायोजन गर्ने अनौपचारिक सहमति भएकाले त्यही अनुसार हुनुपर्ने तर्क गरे :

> माओवादी सेनाको समायोजन होइन, पुनःस्थापना मात्र गर्नुपर्छ भन्नु राजनीतिक आग्रह हो । त्यसै गरी माओवादीले पुनःस्थापना होइन, सबै सेना समायोजन नै गर्नुपर्छ भन्नु पनि राजनीतिक आग्रह वा अडान हो । ... शान्ति प्रक्रियाको सुरुमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँग हाम्रो नेतृत्वले धेरै छलफल गरेको थियो र सेना समायोजन सम्बन्धमा अनौपचारिक सहमति नै भएको थियो । संख्या तोकिएको थिएन तर जनमुक्ति सेनाको ठूलो हिस्सा नेपाली सेनामा र बाँकी सशस्त्र, प्रहरी र राष्ट्रिय अनुसन्धान विभागमा समायोजन गर्ने सहमति भएको थियो । जनमुक्ति सेना कति नेपाली सेनामा र कति अन्य सुरक्षा निकायमा मिलाउने भन्ने बारेमा राजनीतिक सहमति नै चाहिन्छ । पहिला राजनीतिक निर्णय भएपछि मात्र प्राविधिक प्रक्रिया अगाडि बढ्छ ।[५१]

शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याएर दिगो तुल्याउने हो भने दुवै सेनाका सम्बन्धमा मूल सम्झौताका भावनाको कदर गर्न आवश्यक छ । तर सेना समायोजनबारे जुन विवाद सिर्जना गरिएको छ त्यसले कुनै न कुनै रूपमा युद्ध जारी रहेको संकेत गर्छ । प्रधानसेनापतिले माओवादी सेनाले अपमान महसुस गर्ने गरी समायोजनको विपक्षमा भाषण गर्दै हिंड्नु र माओवादी सेनाका कमाण्डरहरूले समायोजन नभए पुनः सशस्त्र विद्रोहलाई सघाउने धम्की दिनु युद्धको बादल हटी नसकेको संकेत हो । २०६६ वैशाखमा भएको खरिपाटी भेलामा लोकतान्त्रिक गणतन्त्रको धारमा स्पष्ट रूपमा उभिएर माओवादी सेनाका धेरैजसो कमाण्डरले सुरक्षित र सम्मानजनक अवतरणको सुनिश्चितता खोजिरहेको

---

[५१] अनन्तसँग अन्तर्वार्ता, २०६६ साउन १८, काठमाडौं ।

जनाउ दिएका छन् । तर तालिमले खारिएका करिब २० हजार माओवादी लडाकुहरू युद्धलाई निरन्तरता दिने क्षमता राख्छन् भन्ने बिर्सनु हुँदैन ।

## अन्तमा

दुइटा थ्रीनटथ्री राइफल र केही लडाकु दलबाट छापामार युद्ध थालेका माओवादीले १० वर्षको अवधिमा राज्यशक्तिसँग राजनीतिक र फौजी सन्तुलन मात्र कायम गरेनन्, आफ्नो छापामार संगठनलाई संसारकै ठूलो बनाउन सफल भए । र, तत्कालीन राजाको नेतृत्वमा रहेको शाही सेनालाई सशस्त्र चुनौती दिन पनि सफल भए तर फौजी विजय हासिल गर्न सकेनन् । माओवादीहरूको विश्लेषणअनुसार युद्ध सेनाभन्दा पनि मनोबल, रणनीति र नेतृत्वको आधारमा जितिन्छ र त्यसमा आफूहरू सफल भइरहेको उनीहरूको दाबी छ । सहरी विद्रोहद्वारा केन्द्रीय सत्ता कब्जा गर्ने उनीहरूको रणनीति अझै परीक्षण हुन बाँकी छ तर उनीहरू त्यसलाई लागु गर्ने वा नगर्ने भन्ने ठूलो द्विविधामा छन् । सेना समायोजन र संविधान निर्माणमा हाबी हुने आफ्नो योजना सफल भएमा माओवादीले त्यसैलाई विद्रोहको संज्ञा दिन पनि सक्छन् । त्यसो नभएसम्म उनीहरूले आफ्नो फौजी शक्तिलाई एउटा परिवर्तनकारी दबाब समूहका रूपमा प्रयोग गरिरहने रणनीति लिएका छन् ।

१२ बुँदे समझदारी, विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधान, २०६३ मा माओवादी र अन्य पार्टीहरूले दस वर्षे छापामार युद्धमा लडेका तर हारजित नभएका दुवै सेनाका सम्बन्धमा, माओवादी सेनाको 'समायोजन र पुनःस्थापना' गरिने र नेपाली सेनाको 'लोकतान्त्रीकरण' एउटा कार्ययोजनाअनुरूप गरिने र त्यही कार्ययोजनाले सेनाको उपयुक्त आकार तोक्नुका साथै सेनाको राष्ट्रिय र समावेशी चरित्रको विकास गर्ने प्रतिबद्धता जनाएका छन् । माओवादी लडाकुहरू एउटा निश्चित राजनीतिक उद्देश्यका लागि लडेको सेना भएकाले नयाँ संविधानमार्फत राज्य पुनःसंरचनाको सुनिश्चितता नभएसम्म र नेपाली सेना नागरिक सरकारको नियन्त्रणमा आएको अनुभूति उनीहरूले नगरेसम्म पूर्ण रूपमा हतियार बिसाएको मान्नु भूल हुनेछ । माओवादीहरूको विश्लेषणमा सेनाको विषय नटुंगिएसम्म युद्ध वा शान्तिको टुंगो लाग्दैन ।